# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १० | अंक २४९ | काठमाडौं | सोमबार, २३ पुस २०८० | Prabhab National Daily | Monday, January 8, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# सत्ता गठबन्धनमा माओवादी र जसपाको उम्मेदवार टुंगो

## जनमत र नागरिक उन्मुक्तिलाई छैन भाग, जनमोर्चालाई मनोनीतको आशा



प्रदेश निर्वाचन कार्यालय लुम्बिनी प्रदेशले आइतवार राष्ट्रिय सभा निर्वाचनको अन्तिम मतदाता नामवली प्रकाशन गर्दै । *तस्विरः रासस*

## जो उम्मेदवार बने

- माओवादीमा जनयुद्धबाट आएका नेताहरु राष्ट्रिय सभा सदस्य उम्मेदवार
- कांग्रेसले उम्मेदवार नटुंग्याउँदा एकीकृत समाजवादी उम्मेदवारबारे अनिर्णित
- एमालेबाट धेरै नयाँ र केही पुराना नेता उम्मेदवार
- जसपामा प्रदेशसभा चुनाव हारेकालाई अवसर

■ **जेबी योञ्जन**

**काठमाडौं–** राष्ट्रिय सभा निर्वाचनका लागि दलहरूले धमाधम उम्मेदवारको नाम टुंग्याउन थालेका छन् । सताको नेतृत्वकर्ता दल नेकपा माओवादी केन्द्र र अर्को सत्तारुढ दल जनता समाजवादी पार्टी (जसपा) तथा प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले उम्मेदवारको टुंगो लगाएको छ ।

सत्ता गठबन्धनको प्रमुख दल नेपाली कांग्रेस र नेकपा एकीकृत समाजवादीले उम्मेदवारको टुंगो लगाइसकेका छैन । निर्वाचन आयोगले सार्वजनिक गरेको निर्वाचन तालिकाअनुसार आज उम्मेदवारी दर्ता गर्ने दिन हो ।

**माओवादीको प्राथमिकतामा युद्धकालीन नेता**

प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको माओवादी केन्द्रले युद्धकालीन नेताहरूलाई राष्ट्रिय सभा निर्वाचनमा उम्मेदवार बनाउने भएको छ । उनीहरूको नामसमेत माओवादीले टुंग्याएको छ ।

कोशी प्रदेशबाट चम्पादेवी कार्कीलाई महिला क्लस्टरमा उम्मेदवार बनाउने भएको छ । ओखलढुंगाकी उनी २०५४ मा जनयुद्धमा होमिएकी थिइन् । लडाइँमा घाइते उनी २०५४ मा भएको स्थानीय चुनावमा एमालेबाट निर्वाचित भएकी थिइन् । तर, पार्टीमा विद्रोह गरेर माओवादी युद्धमा होमिएकी उनी पार्टीको ओखलढुंगा इञ्चार्ज र अखिल नेपाल महिला (अनेम) संघको केन्द्रीय सचिवसमेत छिन् । उनी समानुपातिक सांसदको सूचीमा २०६४ पछि हरेकपटक थिइन् । तर, सांसद हुन पाएकी थिइनन् ।

बागमती प्रदेशबाट राष्ट्रिय सभा सदस्य उम्मेदवार छनोट भएका श्रीकृष्ण अधिकारी पनि जनयुद्धका घाइते हुन् । जनयुद्धको सुरुआतदेखि भूमिगत उनी पार्टीमा कम अवसर पाउने नेता हुन् । पार्टीको प्रदेश सम्पर्क विशेष कमिटी अध्यक्ष अधिकारी युद्धकै क्रममा रामेछापको बेथानमा भएको लडाइँमा घाइते भएका थिए । गण्डकी प्रदेशबाट उम्मेदवार बनेकी मनरूपा शर्मा सुवेदी भने द्वन्द्वपीडित एकल महिला हुन् ।

(क्रमशः पृष्ठ २ मा)

## राष्ट्रिय सभा निर्वाचन

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सत्ता गठबन्धनले आइतवार बिहान १९ सिटमा भागबण्डा लगाएसँगै नेकपा माओवादी केन्द्र र जनता समाजवादी पार्टी (जसपा)ले आफ्ना उम्मेदवार टुंगो लगाएका छन् । जसपाले मधेस प्रदेशबाट एक सिट पाएकोमा पूजा चौधरीलाई उम्मेदवार बनाउने निर्णय गरेको छ ।

यता माओवादी केन्द्रले गठबन्धनबाट छ सिट पक्का गरेको थियो । माओवादीले कोशी प्रदेशबाट चम्पादेवी कार्की, बागमतीबाट श्रीकृष्ण अधिकारी, गण्डकीबाट मनरूपा शर्मा, लुम्बिनीबाट झक्कु सुवेदी, कर्णालीबाट विष्णु विश्वकर्मा र सुदूरपश्चिमबाट रेणु चन्दलाई उम्मेदवार बनाउने निर्णय गरेको पार्टी सचिव देवेन्द्र पौडेलले जानकारी दिए ।

सत्तामा सहभागी सिके राउतको जनमत पार्टी र रेशम चौधरीको पार्टी नागरिक उन्मुक्तिले राष्ट्रिय सभामा कुनै सिट पाएनन् । नागरिक उन्मुक्तिले सुदूरपश्चिममा एक सिट दाबी गरेको थियो भने जनमतले मधेस प्रदेशमा । यता जनमोर्चालाई भने राष्ट्रपतिबाट मनोनीत हुने एक सिट दिने वचन दिइएको छ । जनमोर्चाकी उपाध्यक्ष दुर्गा पौडेललाई मनोनीतमा ल्याउने भनिए पनि उक्त पार्टीका सचिव यमलाल पुरीले यसबारे जानकारी नभएको बताए । 'यसबारे हामीलाई कुनै जानकारी छैन,' पुरीले भने । कांग्रेसले गठबन्धनबाट १० सिट र एकीकृत समाजवादीले दुई सिट पाएको छ ।

## २०४७ मतदाता, ५७ हजार ५५९ मतभार

| प्रदेश | प्रदेशसभा | | स्थानीय तह | | कूल मतदाता | कूल मतभार |
|---|---|---|---|---|---|---|
| | मतदाता संख्या | जम्मा मतभार | मतदाता संख्या | जम्मा मतभार | | |
| कोशी | ९३ | ४९२९ | २७४ | ५२०६ | ३६७ | १०१३५ |
| मधेस | १०७ | ५६७१ | २६७ | ५०७३ | ३७४ | १०७४४ |
| बागमती | ११० | ५८३० | २३७ | ४५०३ | ३४७ | १०३३३ |
| गण्डकी | ६० | ३१८० | १७० | ३२३० | २३० | ६४१० |
| लुम्बिनी | ८७ | ४६११ | २१८ | ४१४२ | ३०५ | ८७५३ |
| कर्णाली | ४० | २१२० | १५६ | २९६४ | १९६ | ५०८४ |
| सुदूरपश्चिम | ५२ | २७५६ | १७६ | ३३४४ | २२८ | ६१०० |
| **जम्मा** | **५४९** | **२९०९७** | **१४९८** | **२८४६२** | **२०४७** | **५७५५९** |

**काठमाडौं (प्रस)–** राष्ट्रिय सभा निर्वाचनका लागि दुई हजार ४७ जना मतदाता कायम भएका छन् । प्रदेशका ५४९ र स्थानीय तहका एक हजार ४९८ गरी दुई हजार ४७ मतदाता निर्धारण भएको निर्वाचन आयोगले जनाएको छ ।

राष्ट्रिय सभा निर्वाचनमा स्थानीय तहका प्रमुख/उपप्रमुख तथा अध्यक्ष/उपाध्यक्ष र प्रदेशसभा सदस्य मतदाता हुन्छन् । स्थानीय तहका प्रतिनिधिको मतभार १९ र प्रदेशसभा सदस्यको मतभार ५३ तोकिएको छ । राष्ट्रिय सभामा १९ सिटका लागि माघ ११ गते मतदान हुँदै छ । रिक्त हुनु महिना दिनअघि नै निर्वाचन गर्नुपर्ने कानुनी व्यवस्थाका कारण माघ ११ मा चुनाव गर्न लागिएको हो ।

### यी हुन् एमालेका १९ उम्मेदवार

नेकपा एमालेले राष्ट्रिय सभा निर्वाचनका लागि १९ उम्मेदवार छानेको छ । सत्ता गठबन्धनले आफ्ना लागि भाग नछुट्याएपछि एमालेले रिक्त सबै सिटमा उम्मेदवारी दिनेगरी नाम टुंगो लगाएको हो । (क्रमशः पृष्ठ २ मा)

## एमालेलाई सबै प्रदेशमा मुश्किल

**काठमाडौं (प्रस)–** सबै प्रदेशमा गरी एमालेको मतभार १७ हजार २६ छ भने सत्ता गठबन्धनको मतभार ३५ हजार ६३३ छ । एमाले कोशी प्रदेशसभाको सबैभन्दा ठूलो दल हो । तर कोशीमा एमालेको मतभार चार हजार २१० छ । गठबन्धनसँग कोशीमा पाँच हजार ४७४ मतभार छ । एमालेले गठबन्धनबाहिरका अरु दलसँग सहकार्य गरेको अवस्थामा पनि जित्ने देखिन्न । किनभने गठबन्धनइतर दलको मतभार ४४९ मात्र छ ।

मधेसमा पनि एमालेलाई गठबन्धनले पराजित गर्ने देखिन्छ । गठबन्धनसँग आठ हजार १५८ मतभार छ भने एमालेसँग दुई हजार ३०२ मात्रै छ । गठबन्धनबाहिर रहेका अरु दलको मतभार ३७९ छ । बागमतीमा एमालेको मतभार गठबन्धनको भन्दा निकै कम भएकाले एमाले जित्ने देखिन्न । गठबन्धनको छ हजार ७८९ र एमालेको दुई हजार ५७१ मतभार छ । गठबन्धन र एमालेबाहेक दलको ९९२ मतभार छ ।

गण्डकीमा गठबन्धनको तीन हजार ७७० र एमालेको दुई हजार ४५८ मतभार छ । एमाले र गठबन्धनबाहेकको मतभार १८२ छ । लुम्बिनीमा गठबन्धनको पाँच हजार ४५४ र एमालेको दुई हजार ८१० मतभार छ । गठबन्धन र एमालेबाहेकको ४८९ मत पनि एमालेको जितका लागि निर्णायक हुने देखिन्न ।

कर्णालीमा गठबन्धनको तीन हजार ७०७ र एमालेको एक हजार १९५ मतभार छ । एमाले र गठबन्धनबाहेकको मतभार २२० छ । सुदूरपश्चिममा पनि एमालेको अवस्था कमजोर छ । एमालेको एक हजार ४८० र गठबन्धनको चार हजार २४५ मतभार छ । एमाले र गठबन्धनबाहेकको मतभार ४२८ रहेको छ ।

**सन्दर्भः वैदेशिक रोजगार**

# कोरिया रोजगारीमा आकर्षण

## उत्पादनमूलक क्षेत्रमा जान एक लाख ६५ हजारको आवेदन, 'शिप बिल्डिङ' तर्फका २१ हजार समेटिए

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** दक्षिण कोरियाको उत्पादनमूलक क्षेत्रमा रोजगारीका लागि हुने भाषा परीक्षामा सहभागी हुन करिब एक लाख ६५ हजार जनाले आवेदन दिएका छन् । जसमा शिप बिल्डिङतर्फ यसअघि लिइएको परीक्षामा असफल करिब २१ हजार जना समेटिएको वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस कोरिया शाखाले जानकारी दिएको छ ।

यो तथ्यांकले रोजगार अनुमति प्रणाली (इपिएस) मार्फत कोरिया रोजगारीका लागि जान चाहने आकांक्षीहरू धेरै रहेको देखाउँछ । यही पुस १६ देखि २० गतेसम्मको समयावधिमा शिप बिल्डिङतर्फ अनुत्तीर्ण भई बसेका २० हजार ९२९ जना परीक्षार्थीले उत्पादनमूलक क्षेत्रमा पनि आवेदन दिएको इपिएस कोरिया शाखाले जनाएको छ ।

शाखाका अनुसार उत्पादनमूलक क्षेत्रमा भाषा परीक्षाका लागि आवेदन दिने परीक्षार्थीको संख्या एक लाख ६४ हजार ७४१ पुगेको छ । यसअघि पुस २ देखि ६ गतेसम्म खुलाइएको आवेदनअनुसार एक लाख ४३ हजार ८१२ जनाले फाराम भरेका थिए । गत साउनमा शिप बिल्डिङका लागि इपिएस परीक्षामा सहभागी भएका झण्डै ३५ हजारमध्ये चार हजार ९८ जनामात्र उत्तीर्ण भएका थिए । जसमा २९ हजारभन्दा बढी असफल भएका थिए । उनीहरूमध्येबाट २१ हजार हाराहारीमा मात्रै आवेदन परेको शाखाले जनाएको छ ।

एचआरडी कोरियाले सन् २०२३ भित्र कुनै एक इपिएस परीक्षामा सहभागी भएका परिक्षार्थीहरूलाई अन्य क्षेत्रका लागि आवेदन दिन नपाउने व्यवस्था गरिएकोप्रति आन्दोलनमा उत्रिएका थिए । असन्तुष्टहरूले उत्पादनमूलक क्षेत्रको परीक्षामा सहभागी हुन पाउनुपर्ने माग राख्दै इपिएस शाखा कार्यालयमा प्रदर्शन तथा घेराउ गर्दै आएका थिए । उनीहरूको माग सुनुवाइ नगरी शाखाले नयाँ आवेदनमात्र लिने निर्णय गरेपछि १८ जनाले उच्च अदालत पाटनमा मुद्दा दायर गरेका थिए । अदालतले पुस ५ गते आवेदकहरूलाई मात्र सम्बोधन हुनेगरी आदेश दिएपछि इपिएस शाखाले १८ जनालाई मात्र परीक्षामा सहभागी हुनका लागि आवदन माग गरेको थियो ।

शाखाको उक्त निर्णयविरुद्ध पुस १३ गते आवेदन दिनबाट वञ्चित युवाहरूले गरेको आन्दोलन नियन्त्रणका लागि प्रहरीले गोली नै चलाउनुपरेको थियो । प्रहरीको गोलीबाट अछामका वीरेन्द्र साह र दैलेखका सुजन राउतको ज्यान गएको थियो । त्यस क्रममा आन्दोलनकर्मीले भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला चढेको गाडीमा आगजनीसमेत गरेका थिए । पुनः उच्च अदालतमा परेको अर्को रिटको सुनुवाइपश्चात् शिप बिल्डिङमा सहभागी भएका सबै परीक्षार्थीलाई आवेदन फाराम भर्नबाट रोक नलगाउन आदेश दिँदा झण्डै २१ हजारले आवेदन दिने मौका पाएका हुन् ।

परीक्षा तालिका भने माघ २२ गते मात्रै तोकिने इपिएस शाखाले जनाएको छ । भाषा परीक्षा एक दिनमा चार सिफ्टसम्म सञ्चालन हुने भए पनि आवेदक संख्याका आधारमा परीक्षा तालिका फेरबदल हुनसक्ने बताइएको छ । आवेदक संख्याको आधारमा पहिलो र दोस्रो गरी दुई चरणमा परीक्षा सञ्चालन हुने बताइएको छ । शाखाले जारी गरेको मापदण्डअनुसार भाषा परीक्षामा उत्तीर्ण परीक्षार्थीहरूले दोस्रो चरणको सीप परीक्षणमा उत्तीर्ण भई स्वास्थ्य परीक्षणमासमेत सफल भएपछि मात्र रोजगार आवेदन फाराम भर्न पाउने छन् । भाषा परीक्षा र सीप परीक्षणमा प्राप्त अंकको आधारमा अधिकतम अंक प्राप्त गर्नेलाई रोजगारीका लागि क्रमशः रोस्टरमा सूचीकृत गरिने शाखाले उल्लेख गरेको छ ।

यद्यपि शिप बिल्डिङमा असफल भई उत्पादनमूलक क्षेत्रको भाषा परीक्षाका लागि आवेदन दिएका परीक्षार्थीहरूको हकमा अझै के हुन्छ भन्ने निर्क्योल भइसकेको छैन । उनीहरूको विषयमा कोरिया र नेपालको संयुक्त प्राविधिक समितिले निर्णय गर्ने केही दिनअघि श्रमसचिव केवलप्रसाद भण्डारी र नेपालका लागि कोरियाली राजदूत पार्क टि योङबीच सहमति भएको थियो ।

## इपिएस कोरिया शाखाको निर्देशकमा कँडेल



**काठमाडौं (प्रस)–** रोजगार अनुमति प्रणाली (इपिएस) कोरिया शाखा कार्यालयको निर्देशकमा मैयाँ कँडेल नियुक्त भएकी छन् । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले शुक्रबार कँडेललाई इपिएसको निर्देशकमा नियुक्त गरेको हो । यसअघि शाखाको निर्देशक रहेका गुरुदत्त सुवेदीलाई सरकारले निलम्बन गरेको थियो । त्यसपछि रिक्त पदमा कँडेललाई नियुक्त गरिएको वैदेशिक रोजगार विभागका महानिर्देशक डण्डुराज घिमिरेले जानकारी दिए ।

शिप बिल्डिङमा असफल भएका परीक्षार्थीहरूले उत्पादनमूलक क्षेत्रको परीक्षामा पनि आवेदन दिन पाउनुपर्ने माग राख्दै गरेको आन्दोलनका क्रममा दुई युवाको ज्यान गएपछि सरकारले सुवेदीलाई पुस १३ गते निलम्बन गरेको थियो । नवनियुक्त निर्देशक कँडेलले श्रम मन्त्रालयको सीप विकास तथा तालिम शाखा प्रमुख, वैदेशिक रोजगार बोर्डको सचिवालयमा निर्देशक भई कार्यसम्पादन गरिसकेकी छन् ।




## पृष्ठ १ बाट क्रमशः

### सत्ता गठबन्धनमा...

पार्टी महासचिव शंकर पोखरेलले आइतबार जारी गरेको प्रेस विज्ञप्तिअनुसार एमालेले कोशी प्रदेशबाट सुनसरीकी रुक्मिणी कोइराला र भोजपुरका पर्शुराम अधिकारी, मधेसबाट पर्साकी उषादेवी थरुनी र महोत्तरीका डा. अर्जुनकुमार सिंह राजपुतलाई उम्मेदवार बनाउने निर्णय गरेको छ ।

यस्तै, बागमतीबाट दोलखाकी रोचकुमारी चौलागाईं, चितवनका त्रिलोचन निर्मल पौडेल, काठमाडौंका विवेक देवकोटा र धादिङका ध्रुवराज विश्वकर्मा उम्मेदवारका रूपमा छानिएका छन् ।

गण्डकीबाट गोरखाकी सम्झना देवकोटा, स्याङ्जाका चक्रबहादुर पराजुली र मुस्ताङका हेमन्द्र शेरचन, लुम्बिनीबाट दाङकी तुलसाकुमारी केसी र पाल्पाका झपेन्द्रबहादुर घर्ती क्षत्रीले उम्मेदवारी दिने भएका छन् ।

कर्णालीबाट हुम्लाकी विमलाकुमारी शाही, मुगुका डिल्लीप्रसाद भट्ट र दैलेखका हिक्मत विक तथा सुदूरपश्चिमबाट कैलालीकी सावित्रादेवी घिमिरे र रामचन्द्र जोशी तथा कञ्चनपुरका ईश्वरीप्रसाद खरेललाई उम्मेदवार बनाउने निर्णय गरेको महासचिव पोखरेलले जनाएका छन् ।

### राप्रपाबाट १५ उम्मेदवार

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले राष्ट्रिय सभा चुनावका लागि १५ जना उम्मेदवारको टुंगो लगाएको छ । सातवटै प्रदेशमा उम्मेदवारी दिनेगरी राप्रपाले नाम छनोट गरेको हो ।

शनिबार बसेको केन्द्रीय कार्यसम्पादन समितिले उम्मेदवारको नाम टुंग्याएको भए पनि सार्वजनिक गरिएको थिएन । कोशीबाट उद्धव पौडेल एकमात्र उम्मेदवार बन्ने भएका छन् । बागमतीबाट महिलामा नानू नगरकोटी, दलितमा पूर्णबहादुर खड्का, अपांगमा भरतमणि भट्ट र अन्यमा हेमजङ गुरुङको नाम टुंगो लगाइएको छ । गण्डकीमा महिलाबाट गौमाया श्रेष्ठ र पुरुषबाट रोमबहादुर भण्डारी छन् । यस्तै, लुम्बिनीबाट निरञ्जन थापा र विजयीलक्ष्मी उठ्ने भएका छन् ।

राप्रपाले मधेस, गण्डकी र सुदूरपश्चिम प्रदेशका उम्मेदवारको नाम खुलाएको छैन । ती तीनवटै प्रदेशमा राप्रपासँग एक-एक प्रदेश सांसदसहित ५३ मतभार मात्र रहेको छ ।

### १४ स्थानमा मतदान केन्द्र

आयोगले सातवटै प्रदेशमा एक-एक वटा मतदानस्थल र दुई-दुई वटा मतदान केन्द्र तोकिएको प्रवक्ता शालिग्राम शर्मा पौडेलले बताए । कोशी प्रदेशमा विराटनगरस्थित प्रदेश निर्वाचन कार्यालय, मधेस प्रदेशमा जनकपुरधामस्थित महेन्द्रनारायण निधि मिथिला संस्कृति केन्द्र र बागमती प्रदेशमा हेटौंडास्थित भुटनदेवी मावि प्राविधिक शिक्षालयको ब्लक 'एफ' लाई मतदानस्थल तोकिएको छ ।

त्यस्तै, गण्डकी प्रदेशमा पोखरास्थित प्रदेश निर्वाचन कार्यालय, लुम्बिनी प्रदेशमा घोराहीस्थित कर्मचारी मिलन केन्द्रको भवन, कर्णाली प्रदेशमा सुर्खेतस्थित प्रदेश निर्वाचन कार्यालय र सुदूरपश्चिम प्रदेशमा धनगढीस्थित प्रदेशसभा भवनमा मतदानस्थल तोकिएको छ ।

प्रत्येक मतदानस्थलमा गाउँपालिका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिका मेयर र उपमेयर तथा प्रदेशसभा सदस्यका लागि बेग्लाबेग्लै मतदान केन्द्र तोकिएको प्रवक्ता पौडेलले बताए ।

अवस्था कमजोर छ । एमालेको एक हजार ४८० र गठबन्धनको चार हजार २४५ मतभार छ । एमाले र गठबन्धनबाहेकको मतभार ४२८ रहेको छ ।

### जो उम्मेदवार..

उनका पति विजय सुवेदीलाई तत्कालीन शाही सेनाले १७ मंसिर २०६१ मा हत्या गरेको थियो । उनी २०६४ को संविधानसभा चुनावमा पर्वत-१ मा कांग्रेसका अर्जुनप्रसाद जोशीसँग पराजित भएकी थिइन् । पछि २०७९ को निर्वाचनमा समानुपातिक सूचीमा परेकी थिइन् । तर, सांसद बन्ने अवसर पाइनन् ।

लुम्बिनी प्रदेशबाट माओवादीले झक्कुप्रसाद सुवेदीलाई उम्मेदवार बनाएको छ । उनी गत वर्ष भएको प्रतिनिधिसभा चुनावमा काठमाडौं-६ मा राष्ट्रिय स्वतन्त्र पार्टीका नेता शिशिर खनालसँग पराजित भएका थिए । २०६४ मा भने तत्कालीन एमाले महासचिव माधवकुमार नेपाल (हाल नेकपा एसका अध्यक्ष)लाई पराजित गरेर राष्ट्रिय राजनीतिमा चर्चामा आएका थिए । तर, पछि उनले तीनकुनेमा चिया व्यापारीबाट दुई झापट खाएका थिए । उनी २०४९ सालतिर तत्कालीन जिल्ला विकास समिति रोल्पाका सभापति पद छोडेर युद्धमा होमिएका नेता हुन् ।

कर्णाली प्रदेशबाट राष्ट्रिय सभा सदस्यको उम्मेदवार छनोट भएकी विष्णु विक जनयुद्ध लडेकी माओवादी नेतृ हुन् । कालीकोट घर भएकी उनी २०६९ मा मोहन वैद्यले पार्टी विभाजन गर्दा वैद्यकै दलतिर लागेकी थिइन् । दुई वर्षपछि माओवादीमै फर्किएकी उनी कालीकोट इञ्चार्ज हुन् ।

सुदूरपश्चिम प्रदेशबाट उम्मेदवार बन्ने भएकी रेणु चन्द बैतडीकी हुन् । २०६४ मा बैतडी-२ बाट संविधानसभा सदस्य निर्वाचित उनी अखिल नेपाल महिला संघ क्रान्तिकारीको सुदूरपश्चिम इञ्चार्ज छिन् ।

आइतबार बसेको माओवादी पदाधिकारी बैठकले चन्दसहितका नेताहरूको उम्मेदवारका रूपमा नाम टुंगो लगाएको हो ।

सत्ता साझेदार दल नेपाली कांग्रेसबाट उम्मेदवार बन्ने चर्चामा रहेका कृष्णप्रसाद सिटौला पूर्वगृहमन्त्री हुन् । सुशील कोइराला पार्टी सभापति हुँदा उनी महामन्त्री थिए । माओवादीलाई शान्ति प्रक्रियामा ल्याउन भूमिका निर्वाह गरेका उनी २०७४ र २०७९ मा राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनसँग पराजित नेता हुन् । उनी गृहमन्त्री भएका बेला नै २९ करोड रूपैयाँको सुडान घोटलाकाण्ड भएको हो ।

### एकीकृत समाजवादी अनिर्णित

सत्ता साझेदार दल नेकपा एकीकृत समाजवादीले उम्मेदवारको टुंगो लगाउन बाँकी छ । स्रोतका अनुसार पार्टी उपाध्यक्ष प्रमेश हमाल, सावित्री भुसाल, घनश्याम रिजाल र दिलु पन्तमध्ये दुई जनालाई उम्मेदवार बनाउने तयारी भइरहेको छ ।

तर, बागमती प्रदेशमा समाजवादी र नेपाली कांग्रेसबीच क्लस्टर कुन लिने भन्ने टुंगो लागेको छैन । सोही कारण उम्मेदवार छनोटमा ढिलाइ भएको पार्टी प्रवक्ता जगन्नाथ खतिवडाले जानकारी दिए । उम्मेदवार छान्ने जिम्मा पार्टी अध्यक्ष माधवकुमार नेपाल, उपाध्यक्ष राजेन्द्र पाण्डे र महासचिव घनश्याम भुसालले पाएका छन् ।

### मनोनीत राष्ट्रिय जनमोर्चाबाट

राष्ट्रपति रामचन्द्र पौडेलबाट मनोनीत गरिने एकजना राष्ट्रिय सभा सदस्य भने राष्ट्रिय जनमोर्चाबाट हुने भएको छ । पार्टी उपाध्यक्ष दुर्गा पौडेललाई जनमोर्चाले अघि सार्ने जनाएको छ ।

पौडेल जनमोर्चाको मातृपार्टी नेकपा मसालका महामन्त्री मोहनविक्रम सिंहकी पत्नी हुन् । यसअघि २०७४ सालमा पनि उनी जनमोर्चाबाट प्रतिनिधिसभा सदस्य थिइन् ।

### जसपाबाट नेताकी छोरी उम्मेदवार

सत्ता साझेदार दल जनता समाजवादी पार्टी (जसपा)ले पूजा चौधरीलाई उम्मेदवार बनाउने निर्णय गरेको छ । पार्टी प्रवक्ता मनिष सुमनले पार्टीको मधेस प्रदेश समिति सदस्य चौधरीलाई उम्मेदवार बनाउने केन्द्रीय कार्यकारिणी समिति बैठकबाट निर्णय गरेको जानकारी दिए ।

चौधरी गत वर्षको प्रदेशसभा चुनावमा मधेस प्रदेशको रौतहट (३) क मा पराजित भएकी थिइन् । उनलाई स्वतन्त्र उम्मेदवार केशव राय चौधरीले दुई हजारभन्दा बढी मतले पराजित गरेका थिए । उनी नेता गोविन्द चौधरीकी छोरी हुन् ।

### एमालेमा अधिकांश नयाँलाई अवसर

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले १९ जना उम्मेदवारको नाम टुंग्याएको छ । उसले कोशीबाट पञ्चायतकालदेखिका कम्युनिस्ट आन्दोलनकी नेतृ रुक्मिणी कोइरालालाई उम्मेदवार बनाएको छ । सुनसरीकी उनी पार्टी निर्माणमा योगदान दिने पुराना नेतृ हुन् । उनले हालसम्म कुनै लाभको पदमा पुग्ने अवसर पाएकी छैनन् । उनी उम्मेदवार भएको महिला क्लस्टरबाट हो ।

कोशीकै भोजपुर घर भएका केन्द्रीय सदस्य परशुराम अधिकारी अन्य क्लस्टरबाट उम्मेदवार भएका छन् । उनी पूर्वमाओवादी नेता हुन् । तत्कालीन नेकपा विघटनपछि उनी एमालेमै रहेका थिए ।

मधेस प्रदेशबाट पर्साकी नेतृ उषादेवी थरुनीलाई एमालेले उम्मेदवार बनाएको छ । उनी पार्टी संगठनमा प्रभावशाली नेतृ मानिन्छिन् । उनी महिला क्लस्टरबाट उम्मेदवार बनेकी हुन् । अन्यबाट डा. अर्जुनकुमार सिंह (राजपुत) उम्मेदवार बनेका छन् । डा. सिंह पार्टीमा वैचारिक नेता पनि मानिन्छन् ।

बागमती प्रदेशबाट राष्ट्रिय सभा सदस्य उम्मेदवार बनेकी रोचकुमारी चौलागाईं पार्टीको प्रदेश कमिटी सदस्य हुन् । उनी पार्टीमा लामो समयदेखि क्रियाशील नेतृ भएको पार्टी प्रदेश कमिटी अध्यक्ष कैलाश ढुंगेलले जानकारी दिए । अन्यबाट उम्मेदवार बनेका चितवनका त्रिलोचन निर्मल पौडेल स्थानीय नेता हुन् । लामो समयदेखि पार्टी संगठनमा क्रियाशील उनी पार्टीमा अवसर नपाउने नेतामा पर्छन् ।

अपांग क्लस्टबाट उम्मेदवार बन्ने भएका विवेक देवकोटा माओवादीको जनवर्गीय संगठन योङ कम्युनिस्ट लिग (वाइसिएल)का कार्यकर्ताहरूले खुट्टा काटेर झाडीमा फालेका नेता हुन् । उनी रेस्टुरेन्ट व्यवसाय गर्छन् । उनको घर काठमाडौं हो ।

दलित क्लस्टरबाट उम्मेदवार छनोट भएका धादिङका ध्रुवराज विश्वकर्मा दलित मुक्ति मोर्चामा आबद्ध छन् । उनी पनि पार्टीमा अवसर नपाउने नेता हुन् ।

गण्डकी प्रदेशमा महिलाबाट गोरखाकी नेतृ सम्झना देवकोटा उम्मेदवार बन्ने भएकी छन् । अन्यबाट सहकारी अभियन्ता चक्रबहादुर पराजुली (स्याङ्जा) उम्मेदवार बनेका छन् । उनलाई एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारको पालामा तत्कालीन भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री पद्म अर्यालले राष्ट्रिय सहकारी बोर्डको सदस्यसचिवमा नियुक्त गरेकी थिइन् । किसान संगठनमासमेत आबद्ध उनी सहकारी विज्ञका रूपमा चिनिन्छन् ।

अपांगता र अल्पसंख्यकबाट मुस्ताङका हेमन्द्र शेरचन (मुस्ताङ उम्मेदवार भएका छन् । उनी पार्टीमा अवसर नपाउने नेतामा गनिन्छन् ।

लुम्बिनी प्रदेशमा अनेमसंघ केन्द्रीय सदस्य रहेकी दाङकी तुलसाकुमारी केसी महिलाबाट उम्मेदवार बनेकी छन् । उनी पार्टीको लुम्बिनी प्रदेश कमिटी सचिवालय सदस्यसमेत हुन् । अन्यमा उम्मेदवार छनोट भएका झपेन्द्रबहादुर घर्ती क्षेत्री एमाले केन्द्रीय सल्लाहकार परिषद् सदस्य हुन् । पाल्पा जिल्ला विकास समितिको उनी पूर्वसभापतिसमेत हुन् ।

कर्णाली प्रदेशमा महिलाबाट उम्मेदवार बनेकी विमलाकुमारी शाही पार्टीको हुम्ला उपसचिव हुन् । उनी यसअघि गाउँपालिका उपाध्यक्ष थिइन् । अन्यबाट मुगुका डिल्लीप्रसाद भट्ट पार्टीको कर्णाली प्रदेश कमिटीका पूर्वसदस्य हुन् । दलितबाट उम्मेदवार बनेका दैलखका हिक्मत विक उत्पीडित जातीय मुक्ति समाजको केन्द्रीय उपाध्यक्ष रहेको प्रदेश अध्यक्ष गुलावजंग शाहले बताए ।

सुदूरपश्चिम प्रदेशमा महिलाबाट नेतृ सावित्रादेवी घिमिरे (कैलाली) अन्यबाट ईश्वरीप्रसाद खरेल (कञ्चनपुर) र अपांगता र अल्पसंख्यकबाट रामचन्द्र जोशी (कैलाली) उम्मेदवार बनेका छन् ।

---

नेपाल सरकार
**खानेपानी मन्त्रालय**
**खानेपानी तथा ढल व्यवस्थापन विभाग (DWSSM)**
**एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना**
**आयोजना व्यवस्थापन कार्यालय**
पानीपोखरी, काठमाडौं, नेपाल

**पोखरा महानगरपालिका वडा नं.१४ मा निर्माण तथा सञ्चालन हुने फोहोर पानी प्रशोधन प्रणाली (WWTP) को प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी सार्वजनिक सूचना**

(प्रकाशित मिति : २०८०/०९/२३)

गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं.१४ मा एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना पानीपोखरी, काठमाडौं, नेपालबाट निम्न वमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना, पानीपोखरी, काठमाडौं, फोन नं: ०१-४४१३७४४ ई-मेल: **iwssmp@gmail.com** |
| **प्रस्तावको व्यहोरा** | पोखरा महानगरपालिका वडा नं.१४ मा निर्माण तथा सञ्चालन हुने एकीकृत खानेपानी तथा ढल व्यवस्थापन योजना अन्तर्गत महानगरपालिकाको **फोहोर पानी प्रशोधन प्रणाली (WWTP)** |
| **प्रभाव पर्न सक्ने जिल्ला/न.पा.** | कास्की जिल्ला, पोखरा महानगरपालिका, वडा नं.१४ |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, आर्थिक प्रणाली, सांस्कृतिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्रचार गर्ने ठेगाना :**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना, पानीपोखरी, काठमाडौं, फोन नं: ०१-४४१३७४४ ई-मेल: **iwssmp@gmail.com** |
| **परामर्शदाताको नाम र ठेगाना** | Building Design Authority P. Ltd. - SWS Consulting Engineering र SAP Water & Energy Developers ओशो भवन, कमलादी, काठमाडौं, फोन: ०१-४२२७३९३ ई-मेल: **iwssmp.p2@gmail.com** |


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Mazza Al-Sarjqiya Resturants for provide Meals Co

पूर्व स्वीकृति मिति: २०८०/०९/२२ | LT. No. 297738 | चलानी न. ६०२१२७३५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 20 | 0 | 1500 | ५३,००२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Almazaya Home Contracting Group General Contracting -Maintainance- Cleanliness

पूर्व स्वीकृति मिति: २०८०/०९/२२ | LT. No. 297737 | चलानी न. ६०२१२७३४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 2 | 0 | 1200 | ४२,४०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष १७ गते (2nd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sulav Recruitment Pvt.Ltd.**
Govt. License No. 1336/074/075
Maharajgunj, sankhapark, Kathmandu Nepal,
Telephone : +977 1 5903011/5903012
Email : sulavrecruitment@gmail.com, Website: www.sulavhr.com



## OMAN मा रोजगारको सुवर्ण अवसर

COMPANY : TAWOOS INDUSTRIAL SERVICES COMPANY SAOC, OMAN

पूर्व स्वीकृति मिति : २०७९/१२/१७ | पुनः विज्ञापन मिति : २०८०/०९/२३ | LT No.: 283806 | च.नं. : ६०१९९१२२

| सि. नं. | कामदारको पद | माग-संख्या पुरुष | माग-संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER PUBLIC BUILDINGS | 9 | 0 | 100 | ३४,५९६ | कम्पनीको नियमानुसार | ८-घण्टा | ६-दिन | कम्पनीको नियमानुसार | छ | छ | २-वर्ष |
| 2 | Waiter | 0 | 1 | 140 | ४८,४३४ | | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिजा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैं | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि: शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी (१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्यरुपमा लिनु होला । (२) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । (३) यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । (४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनुहोला । (५) विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररो पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ (एक) प्रति आफुसँग राख्नुहोला । (६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । (७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग, बुढानगरमा सम्पर्क राख्नुहोला ।

**कन्टिनेन्टल मर्कन्टाईल प्रा.लि.**
रानीबारी-०३, सामाखुशी, काठमाण्डौं, नेपाल
Lic: 587/62/63
फोन : 01-4987171, 01-4986792



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Lalit Cleaning & Contracting Wll

पूर्व स्वीकृति मिति : २०८०/०३/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०९/२२ | LT. No. 288292 | चलानी नं. : ६०२०३६१४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 0 | 2 | 1500 | ५४,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | GENERAL CLEAN WORKER | 4 | 5 | 1200 | ४३,६७२ | | | | | | | |
| 3 | Receptionist | 0 | 1 | 1500 | ५४,९९० | | | | | | | |
| 4 | SUPERVISIOR | 0 | 1 | 2500 | ९०,९८३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ १ गते (15th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SHIVAM INTERNATIONAL MANPOWER SERVICES PVT. LTD**
श्रम ईजाजत नं १५७०/०७९/८०
Sinamangal, Gaushala Kathmandu Nepal, Tel : +977 01-5912780
Email : shivamintl9@gmail.com, Web: shivamintlmanpower.com



## मोटरसाइकल हराएको सूचना

मिति २०८०/०९/२० गते का.जि.का.म.न.पा १३, चागल स्थित माउन्ट ग्लोरी स्कुल अगाडि पार्किङ गरिराखेको अवस्थामा Pulsar 220 F कालो, रातो रंगको मोटरसाइकल साँझको ६:०० देखि ७:०० बजेको समयभित्र हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

कम्पनीको नाम : हुलास अटो
सवारी धनीको नाम : हुलास फिन सर्भ
बाइक नं.: बा.प्र.०२-०३७ प ५७६८
च्यासिस नं.: MD2A13EX6NCL 82088
इन्जिन नं. : DKXCNK 36392
ठेगाना: काठमाडौं १३, चागल
सम्पर्क: ९८५१०६९२६५



## बिमालेख हरायो

मिति २०८०/०८/०१ गते, वाइपासदेखि जरेखुसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

नाम : मिरा तामाङ गलान
विमालेख नं : ११००२२५४२
Life Insurance Corporation (LIC)
ठेगाना : नक्साल, काठमाडौं, नेपाल
सम्पर्क नं : ९८६१५५९७८७


## सुनवर्षी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय

डाईनिया, मोरङ
कोशी प्रदेश

**प्राविधिक प्रस्तावको आशय पेश गर्ने सूचना**

सूचना प्रकाशित मिति: २०८०/०९/२३

यस कार्यालयद्वारा मिति २०८०/०७/२० गतेको राष्ट्रिय दैनिकमा प्रकाशित तपसिल बमोजिमको ठिक्काको लागी म्यादभित्र E–Bid मार्फत दर्ता भएका बोलपत्रहरूको प्राविधिक प्रस्तावको मूल्यांकन गर्दा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन समेत) को नियम ३१ (ङ) को उपनियम ४ बमोजिम सारभूत रूपमा प्रभावग्राही भएका देहाय बमोजिमका सफल बोलपत्रदाताहरूको आर्थिक प्रस्ताव सोही नियमावलीको नियम ३१ (ङ) को उपनियम ५ प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारिको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.स. | ठेक्का नं. | कामको विवरण | सफल बोलपत्रदाताहरू | आर्थिक प्रस्ताव खोल्ने मिति र समय |
|---|---|---|---|---|
| 1 | SUNMUN/ROAD/080/81-07 | Dans Khola Nadi Niyantran (Kalabanjar Paschim Tatha tatbandhan Nirman ward no. 1) | **Aananda/Dil J.V.,** Dhankuta, **Aniko- Bir -Tulasa J.V.,** Biratnragar, Morang, **Rupkali-P. and D.K. JV,** Kathmandu-11, Kathmandu, **Himalayan-Ranakalimata JV,** Biratnagar-07, Morang, **Kutumba-DJ J/V,** Letang-08, Morang, **PRAGATISHIL - SUJAL - JHARIPPA J.V.,** Illam-09, Illam र **Prime - Churiya JV,** Kathmandu | 2080/09/29 (January 14, 2024) at 15:00 Place : Sunawarshi Minicipality, Dainiya, Morang |

**प्रमुख प्रशासकिय अधिकृत**


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : DURA GUARD FORCE & CONSULTANCY SDN.BHD.

पूर्व स्वीकृति मिति २०८०/०९/२२ | LT. No.297694 | चलानी नं. ६०२१२७१३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 55 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ १ गते (15th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Friendship And Cooperation Recruitment Pvt.Ltd**
FC श्रम ईजाजत नं. १५८९/०७९/०८०
Sinamangal-9, Kathmandu, Nepal, Tel : +977-1-014493647
E-mail: fcmanpower1589@gmail.com

योजना आयोगलाई सांसदको सुझाव

# 'कार्यान्वयन गर्न सकिने आयोजनामात्र तयार गर्नू'

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रतिनिधिसभाका सदस्यहरूले आवश्यकता र औचित्यताका आधारमा कार्यान्वयन गर्न सकिने आयोजनामात्र तयार गर्न राष्ट्रिय योजना आयोगलाई सुझाव दिएका छन्। अर्थ समितिको आइतबारको बैठकमा राष्ट्रिय योजना आयोगबाट प्रस्तुत १६औं पञ्चवर्षीय योजनाको मस्यौदामाथिको छलफलमा उनीहरूले १५औं पञ्चवर्षीय योजनाको समीक्षा गर्दै आगामी कार्ययोजना बनाउन आग्रह गरेका हुन्।

पूर्वअर्थमन्त्री एवं समिति सदस्य विष्णुप्रसाद पौडेलले योजना छनोट गर्ने भूमिका आयोगलाई हुनुपर्ने धारणा राखे । योजना आयोगलाई निर्देशित गर्ने छुट्टै कानुन आवश्यक भएको उनले उल्लेख गरे ।

सांसद पदम गिरीले १६औं योजनाको अवधारणाअघि अघिल्लो योजनाको राम्रो समीक्षा गर्न जरुरी रहेको बताए । उनले मलुकको अर्थतन्त्रको सवलीकरण, आत्मनिर्भर अर्थतन्त्रको विकास, रोजगारी सिर्जनालगायतका विषयलाई प्राथमिकता दिएर योजना बनाइनुपर्ने खाँचो औंल्याए ।

सांसद सूर्यबहादुर थापा (क्षेत्री) ले १६औं योजनाको सोच र लक्ष्य वस्तुपरक र व्यावहारिक हुनुपर्ने धारणा राखे । उनले लहडमा आयोजना राख्ने र पछि कार्यान्वयनमा समस्या हुने गरेको भन्दै कार्यान्वयनमुखी योजनमा ध्यान दिन आयोगलाई सुझाव दिए।

सांसद पूर्णबहादुर तामाङले समयसापेक्ष विकासको आवश्यकता र औचित्यताका आधारमा विकास आयोजना छनोट हुनुपर्ने बताए । उनले गरिब जनताको स्वास्थ्य उपचारका लागि हरेक प्रदेशमा एक अर्ब रूपैयाँ बजेट विनियोजन गरिनुपर्ने माग गरे ।

सांसद नारायणप्रसाद आचार्यले योजना आयोगलाई स्वायत्त निकायको रूपमा काम गर्ने वातावरण बनाइनुपर्ने धारणा राखे । सांसद विराजभक्त श्रेष्ठले आवश्यकताको आधार र समय समय सापेक्षताको सिद्धान्तमा आयोगले योजना ल्याउनुपर्ने बताए। सांसद विनोद चौधरीले योजना आयोगलाई स्वायत्त बनाइनुपर्ने विचार व्यक्त गरे ।

सांसद मुक्ताकुमारी यादवले दिगो लक्ष्य हासिल गर्न धेरै समय नभएकाले सोही अनुकूल आयोजनालाई प्राथमिकता दिनुपर्नेमा जोड दिइन् । सांसद गंगा कार्कीले साना उद्योगको प्रवर्द्धन, कृषि, पर्यटन, शिक्षा, स्वास्थ्यलगायत क्षेत्रलाई प्राथमिकतामा राखेर योजना तर्जुमान गर्नुपर्ने सुझाव दिइन् । अर्का सांसद मेटमणि चौधरीले रोजगारी सिर्जना, निर्यात बढाउने र आयात घटाने तथा व्यापार घाटा कम गर्ने र गरिबी निवारणजस्ता कार्यक्रमलाई योजनामा प्राथमिकता दिन आग्रह गरे।

आयोगका उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठले विगतका योजनाको अभ्यासका आधारमा १६औं योजनाको मस्यौदा बनाइएको भन्दै संक्षिप्त र कार्यान्वयनयोग्य आयोजनालाई प्राथमिकता दिइने उल्लेख गरे ।

# 'न्यायमा सबैको पहुँच पुऱ्याउन आवश्यक छ'

**काठमाडौं (प्रस)–** प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले न्यायमा सबै नागरिकको सहज पहुँच पुऱ्याउन जरुरी भएको बताएका छन्।

सर्वोच्च अदालतमा आइतबार आयोजित श्रमसम्बन्धी केही महत्त्वपूर्ण फैसलाको संग्रह विमोचन समारोहमा प्रधानन्यायाधीश श्रेष्ठले न्यायमा सहज पहुँच पुऱ्याउनका लागि अदालतले प्रयत्न गरिरहेको बताए । उनले श्रमसमबन्धी महत्त्वपूर्ण फैसला र आदेशको प्रकाशन महत्त्वपूर्ण भएको बताए। प्रधानन्यायाधीशले श्रेष्ठले कानुनमा समाहित भएका नवीन अवधारणा र व्यवस्थाको दृष्टिकोणले महत्त्वपूर्ण देखिएको फैसला छनोट गरेर प्रकाशन गर्नु सान्दर्भिक भएको बताए ।

श्रम अदालतका अध्यक्ष वासुदेव आचार्यले महत्त्वपूर्ण फैसला र आदेशको प्रकाशनले न्याय सम्पादनका विविध आयामबारे नागरिकलाई जानकारी हुने बताए ।


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०८०/०८/२३

यस कम्पनीको मिति २०८०/०६/२ मा सम्पन्न बिशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **पायोनियर सफ्टवेयर टेक्नोलोजिज् प्रा.लि. (प्रा.लि. नं. १११९००)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०६/२९ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **क्लाउडप्याथो टेक प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०८०/०८/२३

यस कम्पनीको मिति २०८०/०९/१३ मा सम्पन्न बिशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **सपोर्ट ट्रेड लिंक प्रा.लि. (प्रा.लि. नं. ३२६२३९)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०९/१९ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **भर्चुअल मल्टिप्रपोज प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०९/२३ गते)

सदाखर अधिकारीको बुहारी, धर्मदत्त भुसालको छोरी पर्वत जिल्ला शंकरपोखरी गा.वि.स.वडा नं ४ स्थायी घर भई हाल पर्वत जिल्ला, फलेवास न.पा. वडा नं ०३ बस्ने पुर्ण प्रसाद अधिकारीको श्रीमती यम कुमारी अधिकारीको मिति २०८०/०४/२४ मा मृत्यु भएकोले निजको नाममा यस बैकको कुश्मा शाखामा रहेको बचत खाता नं ०४७००४१६८६५००००१ मा रहेको मौज्दात रकम भुक्तानी पाउँ भनी निज खातावालाको छोराले यस बैक शाखामा निवेदन दिनुभएको हुदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सुचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्र आफ्नो हकलाग्ने ब्यहोरा प्रमाणित हुने सक्कलै सबुद प्रमाण कागजात सहित यसै बैकको शाखा कार्यालय कुश्मामा हकदाबी गर्न आउनुहोला। म्याद भित्र कसैको हकदाबी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने ब्यहोरा यसै सुचना मार्फत जानकारी गराउदछौ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय कुश्मा, पर्वत फोन नं ०६७-४२११४५


# स्थानीय प्रशासन र प्रदर्शनकारीबीच ११ बुँदे सहमति

**मलंगवा (प्रस)–** सर्लाहीको बरहथवा घटनामा स्थानीय प्रशासन र प्रदर्शनकारीबीच ११ बुँदे सहमति भएको छ । जिल्ला प्रशासन कार्यालय मलंगवामा भएको सहमतिअनुसार अब बरहथवास्थित नगर अस्पताल यसअघि नगर कार्यपालिकाको निर्णयबमोजिम मधेस सरकारलाई हस्तान्तरण गरिने छ ।

अस्पताललाई स्तरोन्नति गरेर ५० शयचाको बनाइने छ भने प्रदर्शनको क्रममा गोली लागेर ज्यान गुमाएका जयशंकर साहको नाममा अस्पतालको नामकरण गरिने र नगरपालिकाले मृतकको परिवारलाई रोजगारी प्रदान गर्ने सहमति भएको प्रमुख जिल्ला अधिकारी कोमलप्रसाद धमलाले जानकारी दिए ।


## माईग्रेसन हराएको सूचना

मिति: २०७९/०५/२० गते डिल्लिबजारदेखि मैतिदेवी जाने क्रममा मेरो निम्न व्यहोरा भएको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम : विशाल क्षेत्री
रजिस्ट्रेसन.नं.: ७३७६०१२९९
सिम्बोल.नं.: २७६००३७३
सिरियल.नं.: M0262837
ठेगाना.: चन्द्रकोट ६, गुल्मी
सम्पर्क: ९८६६५७६५६५

## कुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड

Since 2000

केन्द्रीय कार्यालय : कुमारी सहकारी भवन, कुमारी चोक, चावहिल काठमाडौं
फोन नं.४५७८००६, ४५६५१०२
सदस्य सेवा केन्द्रहरू : कालिमाटी : ५३८२५२४ । ठमेल : ४५१२८४२ । साँखु : ४५५१८७३
माछा पोखरी : ४३८३६८९ । कोटेश्वर : ५९००६१०

### ऋणीलाई ऋणकर्जा चुक्ताभुक्तान गर्न जारी गरिएको ३५ दिने सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८०/०९/२३ गते, सोमबार**

यस कुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. बाट तपशिलमा उल्लेखित ऋणीहरूले प्राप्त गरेको ऋण कर्जाको समयावधि समाप्त भएको तथा यस संस्थासँग गरेको सम्झौता बमोजिम समय समयमा बुझाउनु पर्ने साँवा, ब्याज र हर्जना लगायत अन्य दस्तुर आदि नतिरी नबुझाई संस्थासँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरू उल्लंघन गरेकोले संस्थाको सम्पूर्ण लेना रकम चुक्ता गर्न पटक-पटक तारताकेता गरेको, सो गर्दा समेत संस्थाको कर्जा चुक्ता गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा यथाशीघ्र यस संस्थामा सम्पर्क गरी कर्जाको तिर्नुपर्ने भाखा नाघेको साँवा ब्याज र हर्जना सहित सम्पूर्ण रकम चुक्ता गर्नु हुन सूचित गरिन्छ। उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, प्रदेश सहकारी ऐन २०७६, प्रदेश सहकारी नियमावली २०७६, संस्थाको स्वीकृत विनियम, संस्थाको कर्जा असुली नीति २०६२ तथा अन्य प्रचलित नेपाल कानुन बमोजिम लिलाम बिक्री गरी वा अन्य जायजेथा जो जे बाट हुन्छ असुलउपर गरिने छ। असुल उपर हुन नसकेको ऋण रकम ऋणी, जमानी तथा धनजमानी दिनेको घर, जायजेथा, चलअचल श्री सम्पत्ति जो जे हुन्छ। सो समेतबाट असुलउपर गरिने व्योहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

**तपसिल**

| ऋणीको नाम ठेगाना (तीनपुस्ते ) | धितोको विवरण:- |
|---|---|
| **नाम थर** : राम प्रसाद गुरुङ्ग<br>**बुबाको नाम** : पदम बहादुर गुरुङ्ग<br>**बाजेको नाम** : धर्मसिङ गुरुङ्ग<br>**स्थायी ठेगाना** : पोखरा उपमनपा-१२, कास्की<br>**हालको ठेगाना** : बुनपा-११, काठमाडौं<br>**ना.प्र.नं.** ३२०, कास्की  | काठमाडौं जिल्ला महांकाल वडा नं.२<br>नक्सा सिट नं.१०२०९०७२५<br>कित्ता नं.२६६ र २६७<br>क्षेत्रफल : कि.नं.२६६ को १४३/१९ व.मि.र कि.नं.२६७ को १६२/८२ व.मि.क्षेत्रफल गरी कुल जम्मा ३०६।०१ व.मि.क्षेत्रफल जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |
| **नाम थर** : विबा गुरुङ्ग<br>**पति** : रामप्रसाद गुरुङ्ग<br>**ससुरा** : पदम बहादुर गुरुङ्ग<br>**स्थायी ठेगाना** : पोखरा उपमनपा-१२, कास्की<br>**हालको ठेगाना** : बुनपा ११, काठमाडौं<br>**ना.प्र.नं.** : ५३१५२, कास्की  | |

## कुवेत/युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KUWAITI CUISINE RESTAURANT

पूर्व स्वीकृति मिति २०८०/०९/२० | LT. No.297667 | चलानी नं.६०२१२७३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 2 | 0 | 120 | ५१,९८० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter/waitress | 0 | 4 | 120 | ५१,९८० | | | | | | | |

कम्पनी : ALIGN TEAM LLC

पूर्व स्वीकृति मिति २०८०/०९/२२ | LT. No.297664 | चलानी नं.६०२१२७३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 50 | 25 | 900 | ३२,४७० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Filling Clerk | 10 | 0 | 1400 | ५०,५१० | | | | | | | |
| 3 | Helper | 50 | 0 | 900 | ३२,४७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ १ गते (15th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** नि:शुल्क कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Green Tara International Overseas Services Pvt. Ltd.** श्रम ईजाजत नं. १०१८/०६८/०६९

Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com


नेपाल सरकार
## शहरी विकास मन्त्रालय
## शहरी विकास तथा भवन निर्माण विभाग
## नयाँ शहर आयोजना समन्वय कार्यालय

बबरमहल, काठमाडौं, नेपाल

### अमरगढी स्मार्ट सिटी अन्तर्गतका शहरी पूर्वाधार निर्माण तथा स्तरोन्नति (बागबजार-टुडीखेल-हस्पिटल रिङ्ग रोड र लिंकरोडहरु गरी १६.८४४ कि.मि. सडक) कार्यको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशन मिति: २०८०/०९/२३)

सुदुरपश्चिम प्रदेश, डडेल्धुरा जिल्ला, अमरगढी नगरपालिकाको अमरगढी स्मार्ट सिटी अन्तर्गतका शहरी पूर्वाधार निर्माण तथा स्तरोन्नति (बागबजार-टुडीखेल-हस्पिटल रिङ्ग रोड र लिंकरोडहरु गरी १६.८४४ कि.मि. सडक) कार्यको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्नुपर्ने भएकाले वातावरण संरक्षण नियमावली, २०७७ को नियम ७ (२) बमोजिम यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

| प्रस्ताव | विवरण |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नयाँ शहर आयोजना समन्वय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल |
| प्रस्तावको व्यहोरा | अमरगढी स्मार्ट सिटी अन्तर्गत पर्ने कुल १६ कि ८४४ मि. टुँडिखेल-बागबजारहस्पिटल रिङ्ग रोड तथा बसस्टप अदालत-सडक-बगरकोट, तिलारी सडक-पोखरा, भीमदत्त पन्त स्थल राता गाउँ, लटौलीटाटर-खनमदा-बाघचौर- खुल्लेक-बकन्डे-माडीलेक बज्नेथलीसिलीडधारा-मौरोडा र नगरपालिका गेट-पाल गाउँ चालिस मोडे-चेतेगाँडा सडकको चौडाइ वृद्धि हुनेगरी कालोपत्रे गरी स्तरोन्नति गर्ने |
| प्रभाव पर्न सक्ने स्थान | सुदुरपश्चिम प्रदेश, डडेल्धुरा जिल्ला, अमरगढी नगरपालिका- ४, ५ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी गर्ने क्रममा आयोजना कार्यान्वयनका सिलसिलामा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न अमरगढी नगरपालिका वडा नं ४,५ का विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन वातावरण संरक्षण नियमावली, २०७७ को नियम ७ (२) बमोजिम अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नयाँ शहर आयोजना समन्वय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल<br>टेलिफोन: ०१-४२५०१७१, ई-मेल: newtownnp1@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | एस.ए.एन. इन्जिनियरिङ एण्ड इन्भारोमेन्टल सोलुसन्स प्रा.लि., मनमैजु, काठमाडौं, नेपाल, टेलिफोन: ९८६१२९४२००, ई-मेल: sansolutions2015@gmail.com |

# Malikarjun Rural Municipality
## Office Of Rural Municipal Executive
Shankarpur, Darchula

## INVITATION FOR BIDS

*First Date Of Publication-2080/09/22*

1. Malikarjun Rural Municipality, Shankarpur, Darchula invites electronic bids from Nepalese eligible bidders for the following contracts under National Competitive Bidding Procedures.

| S. No. | Contact ID. | Name Of The Project | Estimated Amount (Including VAT) (NRs) | Bid Security Amount (NRs) | Price Of Bidding Document (NRs) | Validity period of the bid | Validity Period of Bid Security |
|---|---|---|---|---|---|---|---|
| 1. | MRM/NCB/09-2080/81 | Shankarpur Campus Construction/ Maintenance | 74,99,202.7/- | 2,00,000/- | 3,000/- | 90 days | 120 days |

2. Eligible bidders may obtain further information from Malikarjun Rural Municipality, Office Of Rural Municipal Executive, Shankarpur, Darchula or visit PPMO website ***www.bolpatra.gov.np/egp***
3. Eligible bidders may download the bidding documents for e-submission from PPMO website bidders should deposit the cost (as specified above) of bidding document in the project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   *Information to deposit the cost of bidding document & Bid Security Amount in Bank:*
   *Name of the Bank- Machhapuchhre Bank, Malikarjun Branch*
   *Name of the Office- Malikarjun Rural Municipality*
   *Office Account No.- 0890067449600115 (For Bid Document Fee)*
   *Office Account No.- 0890067449600039 (For Bid Security Amount)*
   *Revenue Code No.- 14219*
4. Bids must be submitted through electronic medium through ***bolpatra.gov.np/egp*** on or before **12:00** on date **2080/10/23** of notice published at the Malikarjun Rural Municipality and bids shall be opened in the presence of Bidder's representatives who choose to attend on the same date at **13:00 PM.**
5. Pre-Bid meeting shall be held on 20th day of bid published at **11:00 PM** in the presence of Bidder's representatives who choose to attend at the Office of Malikarjun Rural Municipality.
6. If the last date of purchasing or submission falls on a government holiday, than the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Matters not covered by this notice shall be in accordance with Public Procurement Act **2063**, and Public Procurement Regulations, **2064** and other prevailing regulations.
8. All the rights as to whether to accept or reject the bids partially or fully without assigning any reason, whatsoever are reserved to the Office of Malikarjun Rural Municipality, Conditional bids are not allowed.

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# गणतन्त्रमा पनि पञ्चायती शैली

देशमा प्रजातन्त्र आयो, प्रजातन्त्रपछि लोकतान्त्रिक गणतन्त्र पनि आइसकेको छ। पञ्चायत गएको ३० वर्ष बढी नाघिसकेको छ । तर लोकतान्त्रिक गणतन्त्रमा आफूलाई कुशल शासक भनेर दाबी गर्ने प्रधानमन्त्री पुष्पकमल दाहाल भने पञ्चायती शैली नै अपनाएर रमाउन व्यस्त देखिन्छन्।

दाहालको हास्यपद सुशासन हेर्न धेरै पर जानै पर्दैन । शुक्रबारको एउटा घटना हेरे पुग्छ। त्रिभुवन विश्विद्यालयका लागि उपकुलपतिको आवेदन खुला गर्दा उनले अपनाएको सुशासनको चलाखी केही समयमै जनतासामु उदांगो बनिदियो।

प्रधानमन्त्री दाहालले त्रिविको दीक्षान्त समारोहमै पुगेर अब उपकुलपति नियुक्तिमा कुनै राजनीतिकरण नहुने प्रतिबद्धता जनाएका थिए। यो कुरा पुस १० गते देशवासीको नाममा सम्बोधन गर्दा पनि दोहोऱ्याएका थिए । दाहालले त्रिविमा कुनै राजनीतिकरण हुन नदिने र उपकुलपति बन्न जुनसुकै कुनामा पढेका योग्यले पाउने दाबी गरेका थिए। नभन्दै विज्ञापन आयो। यसअघि त्रिविको उपकुलपति राजनीतिक भागबण्डाको आधारमा नियुक्ति हुँदै आएकोमा यसपटक विज्ञापनमार्फत क्रमभंगता गरे प्रधानमन्त्रीले। तर विज्ञापन यति साँघुरो बनाइयो कि । उक्त साँघुरो बंकरमा माओवादीमात्र छिर्न सक्ने देखियो।

त्रिवि उपकुलपति बन्न पदाधिकारीमध्ये तीन वर्ष काम गरेको योग्यताको बुँदा यस्तो बंकर थियो, जहाँ पस्न माओवादी ट्याग लागेको अनुभवीमात्र छिर्न सक्ने देखियो। विज्ञापन पूर्वरजिस्ट्रार तथा राष्ट्रिय परीक्षा बोर्डका पूर्वअध्यक्ष चन्द्रमणि पौडेललक्षित देखियो । किनभने उनी यसका लागि योग्य थिए । उनीपछि माओवादीकै तर्फबाट निमित्त उपकुलपति प्रा.डा. शिवलाल भुसाल, पोखरा विश्वविद्यालयका पूर्वउपकुलपति केशरजंग बराल, नेपाल खुला विश्वविद्यालयका पूर्वउपकुलपति प्रा.डा. लेखनाथ शर्मा पनि लाइनमा थिए।

प्रधानमन्त्री दाहालले बरु यस विषयमा चुप लागेर केही नभनी विज्ञापनमार्फत अघि बढेको भए उनको आलोचना पनि हुन्नथ्यो र चाहेको मान्छे पनि ल्याउन सक्थे। तर बोली र गोली फिर्ता हुन्न भनेझैं भयो उनका लागि।

कुनै बेला जिल्ला पञ्चायतका सभापतिले आफ्नो मीतको घोडा किन्दा निकालेको बोलपत्र शैलीमा विज्ञापन निकालेपछि आफ्नो भाग सुनिश्चित हुनेमा ढुक्का थिए होलान् दाहाल। तर सामाजिक सञ्जालमा आएपछि उनको सपना भताभुंग भयो। चौतर्फी विरोधपछि तिल्मिलिएका दाहालले शुक्रबार दिउँसै शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री एवं विश्वविद्यालयका सहकुलपति अशोककुमार राईलाई प्रधानमन्त्रीको कार्यकक्षमा बोलाएर उक्त विज्ञापन सच्याउन निर्देशन दिए । तीन वर्षे प्रावधान हटाएर विज्ञापन निकाल्न भनिएको छ । प्रधानमन्त्रीको निर्देशनअनुसार नयाँ विज्ञापन जारी गर्नुपर्ने भएकोले आइतबार उक्त विज्ञापन रद्द गरिएको छ।

# रुद्राक्षको प्रयोग र महत्त्व



ऋकेश भण्डारी 'ऋगीश'

> पछिल्लो समयमा रुद्राक्षधारी व्यापक रहेको देखिन्छ । ऋषिहरूलाई बुझ्ने धार्मिक व्यक्तिहरूदेखि गाँजाकै भरमा आफूलाई शिवको भक्त मान्नेसम्म गलामा टम्म रुद्राक्ष धारण गरेर हिँडिराखेका छन् । हामीले रुद्राक्ष धारण गरिराख्दा त्यसको औषधीय गुण र महत्त्व बुझ्न सकेर यसको संरक्षण र संवर्द्धन गर्दा नेपालको आर्थिक अवस्थामा पनि यसले राम्रो प्रभाव पार्ने छ । अहिले नक्कली रुद्राक्षहरु धेरै मात्रामा बनाइएका छन् । यसमा रोक लगाउनु हाम्रो कर्तव्य हो ।

'रुद्र+अक्ष' शब्द व्युत्पत्तिबाट रुद्राक्ष शब्दको निष्पत्ति हुन्छ। रुद्र शब्दको अर्थ हुन्छ शिव र अक्ष शब्दको अर्थ हो आँखा । रुद्रस्याक्षणः समुत्पन्नं रुद्राक्षमिति कथ्यते (रु.मा.), अर्थात् रुद्रको नेत्रबाट खसेका चार थोपा अश्रुबिन्दुबाट यसको उत्पत्ति भएकाले रुद्राक्ष नामकरण भयो भन्ने बुझ्न सकिन्छ। यसैगरी रुद्राक्ष महात्म्यको ततस्तैस्त्रिदशैः सार्धं त्रिनेत्रस्त्रिपुरान्तकः। इत्यादि श्लोक र पुराणहरूका श्लोक हेर्दा यसको उत्पत्ति प्रसंगमा भने मतैक्य नरहेको देखिन्छ । रूद्राक्ष जाबालो पनिषद् र श्रीमद् देवी भागवत् महापुराणमा भने लगभग एउटै मत रहेको छ।

रूद्राक्ष जाबालो पनिषद्मा भुसुण्डलाई कालाग्नि रुद्रले र श्रीमद् देवी भागवतमा कार्तिकेयलाई भगवान् शिवकै भनाइ उद्धृत गर्दै- त्रिपुरासुर दैत्यले ब्रह्मा, विष्णुलगायत सबै द्यौतालाई अत्यधिक कष्ट दिएको, त्यसको सम्हार गर्न द्यौताहरूले मेरो उपासना गर्न थाले, त्यसपछि मैले त्यस दुष्टको नाश गर्न अघोरास्त्रको ध्यान गर्न थालेँ । ध्यान गर्दा गर्दै दिव्य एक हजार वर्ष व्यतीत भएछ । यसै क्रममा खुलेका तीनवटै आँखामा पीडा उत्पन्न भए, त्यसपछि तीनवटै आँखा खोली तपस्या गर्दा आँखा दुखेको र चार थोपा आँसु पृथ्वीमा खसेको, ती थोपा नै रुद्राक्षको रूपमा परिणत भए, ती आँसु नै रुद्राक्षको वृक्षमा परिणत भएको भन्ने प्रसंग पाइन्छ।

देवी भागवतमै शिव भन्छन्- मेरा दाहिने नेत्रबाट खसेका आँसुका थोपाहरूबाट १२ प्रकारका राता र पहेँला रङका रूद्राक्ष, बायाँ नेत्रबाट खसेका आँसुहरूबाट १६ प्रकारका सेता रुद्राक्ष, तृतीय नेत्रबाट खसेका आँसुहरूबाट १० प्रकारका काला रुद्राक्ष उत्पन्न भए । यसरी ३८ प्रकारका रुद्राक्ष उत्पन्न भए । जसमध्ये एकमुखेदेखि चौधमुखीसम्मका रुद्राक्षको भने विस्तृत व्याख्या पाइन्छ । जातिगत आधारमा रुद्रक्ष, भद्राक्ष, इन्द्राक्ष र सहस्राक्ष चार किसिमका रुद्राक्ष हुन्छन्। युगल अर्थात् दुईवटा जोडिएको रुद्राक्ष गौरीशंकरको रूपमा र त्रिजुगी अर्थात् तीनवटा जोडिएको रुद्राक्ष गौरीशंकर र गणेशको रूपमा मानिन्छ।

वर्ण व्यवस्थाअनुसारको रुद्राक्ष धारण गर्नुपर्ने कुरा पनि बताइएको छ। अब वर्ण व्यवस्था भन्नाले श्रीकृष्णले भनेझैं 'चातुर्वर्ण्यं' अनुसारको बुझ्नुपर्छ। यो वनस्पति भए पनि सबैभन्दा उत्कृष्ट वनस्पतिको रूपमा चिनिन्छ। यो उपचारोपयोगी रहेको छ। एक वा बहुसंख्यं वा रुद्राक्ष मत्स्वरूपकम् । यो धारयति देवेश स मां धारयति ध्रुवम् ॥ मेरुतन्त्रे ९ प्रकाशे । शिव भन्छन्- रुद्राक्षको एक दाना वा धेरै दाना जे भए पनि सबै रुद्राक्ष मेरै स्वरूप हुन्। त्यसैले जसले श्रद्धापूर्वक रुद्राक्ष धारण गर्दछ, त्यसले मलाई नै धारण गरेसमान हुन्छ।

### एकमुखी रूद्राक्षः

एकवक्रः शिवः साक्षात् ब्रह्महत्यां व्यपोहति । (रु.मा.) आदि श्लोक हेर्दा एकमुखी रुद्राक्ष साक्षत् शिवको स्वरूप मानिन्छ । यसमा एक रेखामात्र हुन्छ । यसको दर्शनमात्रले पनि ब्रह्महत्याजनित पापहरूको नष्ट हुन्छ। यसको धारणा गर्नाले मान्छे शिवझैं हुन्छ । यो रुद्राक्ष दुर्लभ भएकाले ईश्वरकै कृपाद्वारामात्र प्राप्त गर्न सकिन्छ । यसले आगाको ज्वालालाई पनि शान्त पार्ने कुरा शिव-रहस्यमा बताइएको छ।

### द्विमुखी रूद्राक्षः

द्विवक्त्रं तु मुनिश्रेष्ठ चार्धनारीश्वरात्मकम्। (रु.जा.उ.) आदि श्लोक हेर्दा द्विमुखी रुद्राक्षलाई अर्धनारीश्वरात्मक मानिएको छ । यसको धारण गर्दा पनि शिवले सधैं कल्याण गर्ने छ। यसलाई सम्पूर्ण देवीदेवताको स्वरूप पनि मानिन्छ। यसलाई पुज्नाले पापहरू नष्ट हुन्छन्, र यसले कुण्डलिनी जागरण पनि गर्दछ। यसलाई घरमा राख्दा पनि राम्रो हुने कुरा बताइएको छ।

### त्रिमुखी रूद्राक्षः

त्रिमुखं चैव रुद्राक्षं अग्नित्रयस्वरूपकम्। (रु.जा.उ) आदि श्लोककाअनुसार त्रिमुखी रुद्राक्ष दक्षिणाग्नि, गार्हपत्यानि र आहवनीयाग्नि स्परूप हुन्छ । त्रिवक्त्रस्तु अनलः साक्षात्॥ (दे. भा.११.४) त्रिमुखी रुद्राक्ष साक्षात् अग्निको स्वरूप हुन्छ। यसको धारण गर्नाले अग्निको भय नहुने र अग्निदेव प्रसन्न हुन्छन्। यसमा जरोलाई पनि शान्त गर्न सक्ने क्षमता हुन्छ।

### चतुर्मुखी रूद्राक्षः

चतुर्मुखं तु रुद्राक्षं चतुर्वक्त्रस्वरूपकम्। .(रु. जा.उ), चतुवक्त्रः स्वयं ब्रह्मा नरहत्यां व्यपोहति। दे.भा.११.४। चतुर्मुखी रुद्राक्ष स्वयं ब्रह्माका स्वरूप हुन् । यसको धारण गर्नाले ब्रह्माले सधैं कल्याण गर्ने छन् । यसले मन्दबुद्धि, वाकशक्तिको कमजोरी, स्मरणशक्ति र मस्तिष्कसम्बन्धी सम्पूर्ण रोगहरूको शान्ति गर्दछ।

### पञ्चमुखी रूद्राक्षः

पञ्चवक्त्रं तु रुद्राक्षं पञ्चब्रह्मस्वरूपकम् । (रु.जा.उ), पञ्चवक्त्रः स्वयं रुद्रः कालाग्निर्नामनामतः। (दे.भा.) यो पञ्चब्रह्मको स्वरूप हो । र, कालाग्निनामको रुद्रको स्वरूप हो । यो रुद्राक्ष सबैभन्दा धेरै पाइन्छ । यसको धारणा गर्नाले शिव अति प्रसन्न हुने विश्वास गरिन्छ। पहेँलो पाँचमुखी रुद्राक्ष घोटेर आँखामा लगाउँदा आँखामा हुने जालो हट्ने कुरा पुराणहरूमा पाइन्छ।

### षड्मुखी रूद्राक्षः

षड्वक्त्रमपि रुद्राक्षं कार्तिकेयाधिदैवतम् । (रु.जा.उ.) षड्मुखी रुद्राक्ष कार्तिकेयको स्वरूप हुन्। उक्त रुद्राक्ष धारण गर्नाले अभीष्ट सिद्ध हुन्छ । र आधिभौतिक, आधिदैविक र आध्यात्मिक दुःखको शान्ति पनि गर्छ । मान्छे रोगरहित बन्दछ । मूर्छा पर्ने, पागलपन, पेटसम्बन्धी रोग, श्वास-प्रश्वास र स्त्रीसम्बन्धी रोगका लागि यो अचुक औषधिको रूपमा मानिन्छ।

### सप्तमुखी रूद्राक्षः

सप्तवक्त्रं तु रुद्राक्षं सप्तमात्राधिदैवतम् । (रु.जा.उ.) यसका देवता सप्तर्षि र सप्तमातृका हुन्। यसको धारणाले ऐश्वर्य, श्रीको वृद्धि र ज्ञानको उदय पनि हुन्छ । यसको देवता कामदेव पनि हुन् भनिएको छ । यसको धारणले निरोगी रहने कुरा बताइएको छ।

### अष्टमुखी रूद्राक्षः

अष्टवक्त्रं तु रुद्राक्षमष्टमात्राधिदैवतम् । (रु.जा.उ.), अष्टवक्त्रो महासेन साक्षाद्देवो विनायकः। (दे.भा.) अष्टमुखी अष्टवसुका स्वरूप हुन्। यसको धारणले अष्टवसु र भगवती गंगा प्रसन्न हुन्छिन् र शिव सायुज्य पनि प्राप्त हुन्छ । यसलाई विनायक स्वरूप पनि मानिन्छ। यसले आयु पनि बढाउँछ।

### नवमुखी रूद्राक्षः

नववक्त्रं तु रुद्राक्षं नवशक्त्याधिदैवतम्। (रु.मा.), नववक्त्रो भैरवस्तु धारयेदत् बामबाहुके । (दे.भा.) नवमुखी रुद्राक्षका देवता नवदुर्गा हुन् । उक्त रुदाक्षधारण गर्नाले नवदेवी प्रसन्न हुन्छिन् । उक्त नवमुखी रुद्राक्षका देवता भैरव पनि हुन् भनिएको छ । त्यसलाई व्यक्तिको देब्रे हातमा बाध्नु उत्तम मानिन्छ। यसको प्रभावले भुक्ति मुक्तिको प्राप्ति र व्यक्ति शिव सदृश बलवान् हुन्छ। यसले सम्पन्न र निरोगी बनाउँछ।

### दशमुखी रूद्राक्षः

दशवक्त्रं तु रुद्राक्षं यमदैवत्यमीरितम् । (रु.जा.उ.), दशवक्त्रस्तु देवेशः साक्षादेवो जनार्दनः। (दे.भा), यो साक्षात् यम स्वरूप हुन्छ । यमराज पनि उक्त रुद्राक्ष धारक गर्ने मानिससँग प्रसन्न हुन्छन्। ग्रहदशा शान्त हुन्छ, उक्त रुद्राक्षका देवता विष्णु पनि हुन् भनिएको छ। जसलाई धारण गर्नाले व्यक्तिको ग्रहदशा, भूत, प्रेत, पिशाचजनित बाधा, ब्रह्म-राक्षस एवं सर्पदंशजनित कष्टको पनि शान्ति हुन्छ । गाईको दूधमा उक्त रुद्राक्ष घोटेर खाएमा खोकी पनि यसले निको पार्दछ।

### एकादशमुखी रूद्राक्षः

वक्त्रैकादश रुद्राक्षो रुद्रैकादशकं स्मृतम्। (दे.भा.), एकादशमुखं त्वक्षं रुद्रैकादशदैवकम्। (रु.जा.उ.), यो साक्षात् एकादश रुद्र हुन् । उक्त रुद्राक्ष शिखामा धारण गर्नुपर्दछ। उक्त रुद्राक्ष धारण गर्नाले हजार अश्वमेध यज्ञ, वाजपेय यज्ञ, लाखौं गाई दान गर्दा प्राप्त हुने फल पाइन्छ। उक्त रुद्राक्ष धारण गर्नाले धारकको सौभाग्य वृद्धि हुने गर्दछ।

### द्वादशमुखी रूद्राक्षः

रुद्राक्षं द्वादशमुखं महाविष्णुस्वरूपकम् । द्वादशादित्यरूपं च विभर्त्येव हि तत्परम् । (रु.जा.उ), साक्षात् विष्णु स्वरूप मानिन्छ । उक्त रुद्राक्ष धारण गर्ने व्यक्ति सित विष्णु र सूर्यदेव प्रसन्न हुन्छन्। रुद्राक्ष धारक व्यक्तिले विभिन्न यज्ञको फल प्राप्त गर्दछ।

### त्रयोदशमुखी रूद्राक्षः

त्रयोदशमुखं त्वक्षं कामदं सिद्धिदं शुभम् । (रु.जा.उ.) यो साक्षात् कामदेव स्वरूप हुन्छ। उक्त रुद्राक्ष धारण गर्नाले कामदेव प्रसन्न हुन्छन् भनिएको छ। उक्त रुद्राक्ष कार्तिकेयको पनि स्वरूप हुन्छ। यसले मनोकामनाको पनि पूर्ण गर्दछ । अज्ञानवश गरिएको दुष्कृत्यको पनि नाश गर्दछ । भने यसले सन्तानोत्पादनसमेत हुन्छ।

### बतुर्दशमुखी रूद्राक्षः

चतुर्दशमुखं त्वक्षं कामदं सिद्धिदं शुभम् । (रु.जा.उ.), साक्षात् शिव स्वरूप हुन्छ। यो सम्पूर्ण मनोवाञ्छित कामनाको पूर्ति गर्नेवाला र सम्पूर्ण रोग नाश गर्नेवाला छ । उपलब्ध भएमा शिरमा सदैव धारण गर्नुपर्दछ। जसको प्रभावले व्यक्ति शिवसदृश शक्तिशाली बन्दछ र अन्त्यमा शिवलोकमा पुग्दछ भनी विभिन्न पुराणमा उल्लेख गरिएको पाइन्छ । स्त्रीसम्बन्धी आन्तरिक रोग, शिथिलता र विभिन्न रोगहरूमासमेत यसले फाइदा पुऱ्याउँछ।

पछिल्लो समयमा रुद्राक्षधारी व्यापक रहेको देखिन्छ। ऋषिहरूलाई बुझ्ने धार्मिक व्यक्तिहरूदेखि गाँजाकै भरमा आफूलाई शिवको भक्त मान्नेसम्म गलामा टम्म रुद्राक्ष धारण गरेर हिँडिराखेका छन्। अझ अहिले त मन्दिरमा भक्तजनको घाँटीमा, सभामा नेताको घाँटीमा, ठमेलमा विदेशीहरूको घाँटीमा र नवयुवाहरूको घाँटीमासमेत रुद्राक्ष देख्न पाइन्छ । यो जुन-जुन धर्म भनेर हामीबीच फाटो हाले पनि मान्छे स्वतः वैदिक सनातन धर्मबाट टाढा हुन सक्दैन भन्ने एक उदाहरण हो।

हामीले रुद्राक्ष धारण गरिराख्दा त्यसको औषधीय गुण र महत्त्व बुझ्न सकेर यसको संरक्षण र संवर्द्धन गर्दा नेपालको आर्थिक अवस्थामा पनि यसले राम्रो प्रभाव पार्ने छ। अहिले नक्कली रुद्राक्षहरू धेरै मात्रामा बनाइएका छन्। यसमा रोक लगाउनु हाम्रो कर्तव्य हो।

## मनन्योग्य

### चाणक्य नीति

यस कुराले सबैलाई बल मिल्यो सबैने साहस गर्दै भने- 'हो यो विवाह हुन सक्तैन, हामी धर्मविरुद्ध केही पनि हुन दिँदैनौँ।

पण्डितहरूको यो अनुशासनहीन विरोधले चाणक्यका आंखीभी चल्न लागे । आफैलाई रोक्त गम्भीर भई भने- 'चाणक्य छउन्जेल मगधमा नीतिविरुद्ध केही पनि हुनसक्तैन, यो विश्वास गर्नोस्, तर म तपाईहरूसँग सोध्न चाहन्छु के धर्मको अर्थ विनाश हो ?

धर्म त्यहीं हुन्छ जसमा मानव कल्याण निहित हुन्छ । फेरि विवाह दुई हृदयको मिलन हो, दुई आत्माको मिलन हो । जब गुण, कर्म, स्वभाव मिल्छ भने दुई आत्माको मिलनमा धर्म बाधक हुनुहुँदैन। धर्मको काम हो तोड्नु होइन हाम्रो यहाँ आत्मालाई परमात्मास्वरूप मानिन्छ।'ध

'युनानी राजकुमारी हाम्रो पूर्वीय संस्कृतिबारे पूर्ण परिचित हुनुहुन्छ। त्यसलाई प्रेम र आदर गर्नुहुन्छ। तपाईंहरू सोच्नोस् यो विवाहले मानवताको कति उपकार हुन्छ । भारत वर्ष युनानका आक्रमणबाट सधैं मुक्त रहन्छ युनानका रूपमा भारतवर्षले आफ्नो एउटा शक्तिशाली मित्र पाउँदा त्यो पनि धेरै शक्तिशाली हुनेछ, भारतवर्षको संस्कृतिको विस्तार हुनेछ।'

चाणक्य अरू पनि धेरै भन्न चाहन्थे तर ती धर्मांधन्ताले गर्दा पण्डित समूहले केही सम्झेनन्। रिसाउदै भन्न लागे- 'शत्रुकी छोरी त्यो पनि विजातीय यो विवाह हुनै सक्दैन।'

चाणक्यलाई कसैले चनैती देओस्। यो चाणक्यको स्वभावमा थिएन । उनको अनुहार रिसले रातो भयो, गम्भीर स्वरमा भने- 'अतः मान्यवर ! तपाईलाई यो विवाह स्वीकार छैन ? ... तपाई सबै सुन्नोस् आँखा चिम्लिएर शासन चल्दैन । तपाई त्यहाँसम्म सोच्न सक्नुहुन्न जहाँसम्म म सोच्न सक्छु । यो विवाहको कार्यले जो राम्रो परिणाम निस्कन्छ त्यसबारे मैले तपाईंहरूलाई परिचय दिइसकें, व्यर्थको रुढिवादले राष्ट्रको भविष्य अन्धकारतिर लैजाओस् हो। चाणक्य हुँदा यस्तो हुन सक्दैन।

धर्म आफ्नो ठाउँमा छ, तर राष्ट्रय त्यसभन्दा ठुलो छ। सबैतिर युद्ध र डर हुन्छ। त्यसबेला धर्मले राष्ट्र बचाउन सक्छ ? राष्ट्र बचाउन र शान्ति प्रेम चाहिन्छ, त्यही प्रत्येक धर्मको मूल हो। अँ जो पनि धर्माधिकारी उपस्थित हुनुहुन्छ उहाहरू कति धर्मनिष्ठ हुनुहुन्छ यो म राम्रोसँग जान्दछु प्रत्येकको जन्मकुण्डली मसँग छ, यदि भन्नुहुन्छ भने त्यो म राजसभामा पढी सुनाउँछु।' क्रमशः

## पत्र-मञ्जुषा

# अर्थतन्त्र एकातिर, अर्थमन्त्रीको ध्यान अर्कैतिर

बच्चा जन्मिएपछि उसको हेरचाह, पालनपोषण गर्नु अभिभावकको कर्तव्य हो । त्यो बालकलाई राम्रो शिक्षादीक्षा गर्नु र आफ्नो संस्कार, धर्म, मूल्यमान्यता सिकाउनु पनि अभिभावककै दायित्व हो। तर, अभिभावकले समयमै आफ्नो बालबालिकालाई सही बाटो देखाउन नसके वा बालबालिकाप्रति ध्यान नदिए ती बालबालिकाको भविष्य अन्धकार हुन पुग्छ।

बच्चा जमाउनु वा उसलाई खाना, लाउन दिनुमात्र ठूलो कुरा होइन । उसलाई सही बाटोमा पुऱ्याउनु महत्त्वपूर्ण कार्य हो। जसरी बालबालिकाको उज्ज्वल भविष्यका लागि अभिभावकको योगदान, भूमिका र जिम्मेवारी हुन्छ। त्यसरी नै एउटा राष्ट्र र त्यो राष्ट्रको जनताका लागि सरकारको पनि त्यति नै महत्त्वपूर्ण भूमिका रहन्छ । सरकार जनताको अभिभावक हो । राष्ट्र बैंक त सरकारको अंगमध्ये एक हो। नेपालमा पैसा छापिँदैन। विदेशमा छापेर ल्याइन्छ। त्यो पनि राष्ट्र बैंकले ल्याउँछ। र, वितरण गर्छ। तर, कति नोट बजारमा चलायमान छ ?, कति घरमा लुकाइएको छ ?, कति नोट बिग्रियो ? भन्ने तथ्याक राष्ट्र बैंकसँग छैन।

राष्ट्र बैंक पैसा बजारमा त वितरण गर्छ। तर, त्यो नोट कुन अवस्था र कहाँ छ ? भनेर खोजी गर्दैन। बजारमा सुनिन्छ कि ५०० र हजारको नोट हाहाकार हुन थाल्यो । मानिसहरूले आ-आफ्नो घरमा पैसा लुकाए । छिमेकी मुलुक भारतमा २०७३ सालमा ५०० र हजारको नोट हाहाकार हुन थालेपछि त्यहाँको सरकारले उक्त नोटमा प्रतिबन्ध लगाएर दुई हजारको निकालेको थियो।

अहिले सार्वजनिक स्थल, चिया पसल, सार्वजनिक यातायातलगायतमा मानिसहरू कुरा गरिरहेका छन् कि बजारमा ५०० र हजारको नोट देखिन छाडचो । अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंक ५०० र हजारको नोटमा प्रतिबन्ध लगाउने निर्णय पनि गर्दैन। बाटोमा मकै पोल्नेदेखि साग बेच्नेसमेत भन्छन्, 'मानिसहरूले पैसा लुकाइसके, अब सरकारले ५०० र हजारको नोटमा प्रतिबन्ध नलगाई बजार चलायमान हुन सक्दैन।'

राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी बैंकमा पैसा थुप्रियो भन्छन्। तर, बजारमा कति पैसा पठाइएको थियो ? कति बैंकमा जम्मा भयो ? र कति घरमा लुकाइएको छ ? भन्ने तथ्याक भने दिन सक्दैनन् । अर्थमन्त्री डा. प्रकाशशरण महत भन्छन्, 'सेयर कारोबार बढचो। घरजग्गाको पनि कारोबार बढचो।' उनलाई सेयर र घरजग्गा कारोबार बढचो भन्नबाहेक केही आउँदैनन् । बैंकले १०० रूपैयाँ कित्तामा निष्काशन गरेको सेयर दलालीहरूले मूल्य बढाएर पाँच हजार पुऱ्याएको र घरजग्गाको पनि दलालीहरूले नै मूल्य बढाएको थियो भनेर महतलाई थाहा छैन वा थाहा भएर पनि जनतालाई झुक्याइरहेका छन्।

चार दशकअघि काठमाडौं उपत्यकामा खेतबारी नै खेतबारी थियो। यहाँ खेतीयोग्य जमिन मात्र थियो। २०३८/३९ सालसम्म नेपालले अन्य मुलुकमा खाद्यान्न निर्यात गर्थ्यो । २०४१/४२ सालमा एक हजार आना नपर्ने जमिन ०७८ सालमा लाखदेखि करोडसम्ममा बेचियो । तर, यसको मूल्य कसले बढायो ? भनेर अर्थमन्त्री डा.महतलाई थाहा छैन।

अहिले बजारमा आमनागरिक कुलमान घिसिङले विद्युत् महसुल नतिर्ने उद्योगीहरूको लाइन काटेर राम्रो गरेको बताउँछन्। मुलुकको अर्थतन्त्र संकट अवस्थाबाट गुज्रिरहेको बेला कुलमानको यो कार्यले ठूलो राहत हुने जनताको दाबी छ। तर, अर्थमन्त्री डा.महत भने उद्योगीहरूको लाइन काट्न नहुने बताउँछन्।

अर्थमन्त्रीको ध्यान विदेशीसँग ऋण लिनमा मात्र छ। अर्थतन्त्रमा सुधार भयो भन्दै विदेशीसँग ऋण लिएर उनले जनतालाई भ्रममा पार्ने काम मात्र गरिरहेका छन् । अर्थमन्त्री न जनप्रतिनिधि र सरकारी कर्मचारीको तलबभत्ता र सेवासुविधा कटौती गर्न सक्छन् न राजस्व नै उठाउन सक्छन्।

कामै गर्न नसक्ने अर्थमन्त्री र गभर्नरलाई अहिले पनि कार्यक्रममा बोलाएर फूलमाला लगाइन्छ। अनि जनताको बृद्धि कहिले पलाउँछ ? महालेखापरीक्षकको कार्यालयले आम्दानीभन्दा खर्च धेरै भनेर तथ्यांक सार्वजनिक गर्नेबित्तिकै अर्थमन्त्री विदेशी ऋण लिनतिर लाग्छन् । राज्यले सबैभन्दा धेरै राजस्व उठाउने मालपोत, यातायात र भन्सार कार्यालयबाट पछिल्ला वर्षमा राजस्व उठ्न छोडेको छ।

बजार पूरै मन्दीमा छ । सटर, कोठा, फ्ल्याट धमाधम खाली भएका छन् । व्यापारीहरू सटर उठाउनु र तान्नुमात्र काम भएको बताउँछन् । घरजग्गा, गाडी र सेयरको कारोबारमा भारी गिरावट आएको छ। तर, अर्थमन्त्रीको ध्यान अझै खुलेको छैन। आमजनताको तर्फबाट आग्रह छ- अर्थमन्त्रीज्यू, अब धेरै अलमल्याउने काम नगर्नूस् । सक्नुहुन्छ देशको अर्थतन्त्र सुधार्न लाग्नूस्, सक्नुहुन्न भने अर्थमन्त्रीको कुर्सी खाली गरिदिनूस् । देशलाई संकटबाट मुक्ति दिलाउन यो भन्दा अरु विकल्प छैन।

*– रूषा थापा, भक्तपुर*

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ। सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# 'बर्थिङ सेन्टर' र प्रयोगशालाले सहज बन्दै स्वास्थ्य सेवा

**बलेवा (बागलुङ)–** तमानखोला गाउँपालिकाको स्याउलाका सर्वसाधारणलाई दुई वर्षअघिसम्म सामान्य रगत परीक्षणका लागिसमेत कठिन थियो । रगत परीक्षणका लागि उनीहरू ढोरपाटन नगरपालिकाको मुकाम बुर्तिबाङ बजार वा सदरमुकाम बागलुङ बजार पुग्नु पर्दथ्यो ।

स्याउलामात्रै होइन यहाँका सबै गाउँका सर्वसाधारणको व्यथा उही थियो । भौगोलिक हिसाबले दुर्गम मानिने तमानखोलाका अधिकांश स्वास्थ्यचौकीमा अहिले प्रयोशाला सेवा सञ्चालनमा छ । त्यहाँ सामान्य रगत, दिसापिसाबको परीक्षण हुन्छ । पालिका मुकाम बोंगादोभानमा रहेको बोंगादोभान स्वास्थ्य चौकीमा त बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रमा हुने सबै जाँच हुन्छ ।

गाउँकै स्वास्थ्य चौकीबाट प्रयोगशाला सेवा पाएपछि बिरामीले छिटो उपचार पाउँछन् भने उपचार खर्च घटेको छ । तमानखोलाजस्तै निसिखोला गाउँपालिकाका स्वास्थ्य संस्थामा पनि प्रयोगशाला सुरु भएका छन् । गाउँमै प्रयोशाला सञ्चालन हुँदा उपचार र निदानमा सहयोग पुगेको बोहोरा गाउँ स्वास्थ्य चौकीका प्रमुख कसिन्द्र शाही बताउँछन् ।

'केही दिन पहिला एउटा प्रसूति व्यथा लागेकी महिला आउनुभएको थियो, एक्कासि रक्तचाप बढेको देखियो, रगत जाँच गर्दा पिसाबमा प्रोटिन देखियो,' गलकोट नगरपालिकाको नरेठाँटी स्वास्थ्य चौकीका प्रमुख दिलुप्रसाद सुवेदीले भने, 'हामीले समयमा अर्को स्वास्थ्य संस्थामा पठायौं, समयमा शल्यक्रिया भएकाले आमा र बच्चा दुवैको ज्यान बच्यो ।' स्थानीय तह गठनपछि गाउँगाउँमा प्रयोशाला सेवा सञ्चालन सुरु भएका छन् । स्थानीय तहले स्थापना गर्ने र बन्द गर्ने गरेका कारण जिल्लामा प्रयोगशालाको वास्तविक तथ्यांक तयार भइसकेको छैन । तर केही वर्ष पहिलेभन्दा दुर्गममा खुलेका प्रयोशालाका कारण सर्वसाधारणले पाउने सुविधामा धेरै अन्तर आएको छ ।

'प्रयोशालाले उपचार र निदानमा धेरै सहयोग गरेको छ, अब गाउँमा आवश्यकता भनेकै प्रभावकारी प्रयोगशला हो,' गलकोट नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख सुशील पौडेलले भने, 'जिल्लाभर ३८ वटा प्रयोगशाला सञ्चालनमा रहेको स्वास्थ्य कार्यालयको तथ्यांक छ ।'

सदरमुकाम बागलुङ बजारमा एकमात्रै सरकारी अस्पताल छ । कुश्मीशेरा, गलकोट र बुर्तिबाङमा प्राथमिक स्वास्थ्य केन्द्र छन् । भौगोलिक अवस्थाका कारण यहाँका गर्भवतीलाई सुत्केरी हुने समयमा नजिकै 'बर्थिङ सेन्टर' नहुँदा सधैं सास्ती हुने गरेको थियो ।

स्थानीय, प्रदेश र संघ सरकारअन्तर्गतका कार्यालय र सामाजिक संस्थाको सहकार्यमा बागलुङमा ३६ 'बर्थिङ सेन्टर' सञ्चालनमा आएका छन् । पछिल्लो छ वर्षमा १० स्थानीय तहका ३६ स्वास्थ्य संस्थामा बर्थिङ सेन्टर विस्तार गरिएपछि प्रसूति सेवा सहज बन्दै गएको छ । ग्रामीण स्वास्थ्य सुधार परियोजना, बिवाइसी बागलुङ र फेयरमेड फाउण्डेसनले तीनै तहका सरकारसँगको सहकार्यमा जिल्लामा प्रयोगशाला र बर्थिङ सेन्टर विस्तार गरेका हुन् । जिल्लाका १९ स्वास्थ्य संस्थामा प्रयोशाला स्थापना गर्न प्रत्यक्ष सहयोग र बाँकी स्वास्थ्य संस्थामा उपकरण सहयोग गरेको बिवाइसी बागलुङका अध्यक्ष तोयानाथ गौतमले बताए ।

नजिकैका स्वास्थ्य संस्थामा 'बर्थिङ सेन्टर' नभएकाले गर्भवती, सुत्केरी र नवजात शिशुको स्वास्थ्य जोखिममा हुने गरेकामा अब भने प्रसूति सेवा केही सहज बन्दै गएको जिल्ला समन्वय समितिका प्रमुख अमर थापाले बताए । 'सरकारले योजना नबाएर गरेका काममा केही छुटफुट भएकाले गैरसरकारी संस्थाको साथ खोजिरहनुपरेको छ,' थापाले भने, 'स्रोतसाधनको परिचालनमा सरकारनै जिम्मेवार भएर लाग्नुपर्छ, सहयोगी संस्थाको साथ आवश्यक छ ।' रासस

# जंगली हात्तीबाट गहुँबाली जोगाउन रातभर जाग्राम

**कञ्चनपुर–** जंगली हात्तीको बथानबाट गहुँबाली जोगाउन शुक्लाफाँटा नगरपालिका-३ का किसान रातभर जाग्राम बस्न बाध्य भएका छन् । शुक्लाफाँटा राष्ट्रिय निकुञ्जबाट आउने हात्तीको बथान भगाउन स्थानीय किसान खेतमै आगो बालेर रातभर जाग्राम बस्दै आएका छन् ।

झण्डै एक महिनादेखि नियमितरूपमा हात्तीको बथान स्थानीय किसानका खेतमा छिरेर गहुँबालीमा व्यापक नोक्सानी पुर्याउँदै आएको छ । हालसम्म ३० भन्दा बढी किसानको १५ बिघा खेतको गहुँबालीमा नोक्सानी गरिसकेको स्थानीयवासी महेश महराले बताए ।

प्रत्येक दिन राति १२ बजे निकुञ्जबाट १० देखि १५ को संख्यामा छावासहितको हात्तीको बथान स्थानीय किसानको खेतमा छिर्ने गरेको उनको भनाइ छ । गहुँबालीले पेट भरेर बिहान ४ बजेपछि हात्ती निकुञ्जतर्फ लाग्ने गरेका छन् । 'हात्तीको बथान लगातार खेतमा छिर्न थालेपछि भगाउन रातभर जाग्राम बस्नु परेको छ' गोविन्द चौधरीले भने, 'एक महिनादेखि राम्ररी सुत्न पाएका छैनौं ।'

दश कट्ठा जग्गामा लगाएको गहुँबाली खाएर र खुट्टाले कुल्चेर पूरै नोक्सानी पुर्याएको उनको भनाइ छ । 'हात्ती निकुञ्जबाट खेतमा छिरेको मात्रै थाहा पाइने गरिएको छ,' अर्का किसान डगौराले भने, 'थाहा पाउँदासम्म खेतको गहुँबाली खाइसक्छ ।' हात्ती धपाउन स्थानीय बासिन्दाले पालो मिलाएर सुत्ने गरेका छन् । पटाका पड्काउँदासमेत पड्केको ठाउँतर्फ आक्रमण गर्न हात्ती आउने गरेकाले भगाउन निकै सकस रहेको उनी बताउँछन् ।

स्थानीयस्तरमा बन्दुक बनाई पड्काउने, उज्यालो बनाउन बत्ती बाल्ने, आगो बाल्ने, हो हल्ला गर्ने गरेपछि विस्तारै निकुञ्जतर्फ हात्तीको बथान जाने गरेको उनको भनाइ छ । 'खेतकै गहुँ बेचेर घरखर्च चल्थ्यो' जीतेन्द्र चौधरीले भने, 'वर्षभरिका लागि खान पुग्थ्यो, हात्तीले गहुँका बोटनै उखेलेर खान थालेपछि निकै तनावमा रहेका छौं ।'

गहुँ खेतीलाई मात्रै सिँचाइ, जोताइ, मलखाद गरी २० हजार रूपैयाँजति खर्च भएको उल्लेख गर्दै उनले खेती गर्दा लागेको खर्च नउठ्दा मजदुरी गर्न जानुपर्ने अवस्था आइलागेको बताए । हात्ती नियन्त्रण गर्न निकुञ्ज कार्यालयलाई गुहार गरे पनि बेवास्ता गरिएको वडाध्यक्ष नरेन्द्रप्रसाद चौधरीले बताए ।

'किसानको गहुँबालीमा हात्तीको बथानले निकै ठूलो नोक्सानी गरेको छ,' उनले भने, 'किसानलाई क्षतिपूर्तिसहित हात्ती नियन्त्रणका लागि भरपर्दो उपाय गरिनुपर्छ ।' स्थानीय किसानले हात्ती नियन्त्रणका लागि साइरन जडानसँगै लाइट, सौर्यबत्ती उपलब्ध गराउनुका साथै मचान निर्माण गरिदिन निकुञ्ज कार्यालयसँग माग गरेका छन् । रासस


## साउदी अरेबियामा रोजगारको अवसर

कम्पनी: ENERGY TECHNICAL SERVICES CO

पूर्व स्वीकृति मिति २०८०/०८/०१ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०९/२२ LT. No.295075 चलानी नं. ६०२१०५७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labour | 3 | 0 | 1000 | ३५,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ १ गते (15th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Nasser Outsourcing Consultants Pvt. Ltd.**

Ratopool-9, Kathmandu, nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950, Email: nocnepal@nassers.org

श्रम ईजाजत नं. ६१९/०६३/०६४

## मलेसिया/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ENVOTECH NETWORK SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०९/१८ पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२२ LT. No. 278530 चलानी नं. ६०१९४२५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क

कम्पनी : ABEER MUNIR BIN JASSER AL - BAGMI FAST FOOD RESTAURANT

पूर्व स्वीकृति मिति २०८०/०९/२० LT. No. 297620 चलानी नं. ६०२१२६५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fast Food Preparer | 2 | 0 | 1200 | ४२,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ १ गते (15th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**

Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094

Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

Govt. License 1342/074/75

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ENJAZ BUILDING CLENING SERVICES

पूर्व स्वीकृति मिति : २०७९/04/२२ पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२२ LT. No. 269007 चलानी नं. ६०१८४७०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 6 | 0 | 1000 | ३६,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : ENJAZ PEST CONTROL AND BUILDING CLEANING LLC

पूर्व स्वीकृति मिति : २०८०/०८/२७ पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२२ LT. No. 296376 चलानी नं. ६०२११५२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 1 | 1 | 1200 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Sales Officer | 0 | 1 | 1200 | ४३,११५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ १/२ गते (15/16 Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Munal Overseas Pvt. Ltd.**

श्रम ईजाजत नं. ४६५/०६०/०६१

Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4561297, 4562046, 9806758605

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LAVAES BEAUTY LAND

पूर्व स्वीकृति मिति २०८०/०९/२२ LT. No. 297682 चलानी नं. ६०२१२६७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 2 | 1700 | ६१,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ १ गते (15th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Leaders International Recruitment Agency Pvt. Ltd**

Kathmandu-3 Maharajgunj, Nepal. Tel: +977- 015916748

Email: leadersnepal1615@gmail.com

श्रम ईजाजत नं.१६१५/०७९/०८०

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDULLAH KHALED AL HINDI TRANSPORT CORPORATION

पुर्व स्वीकृति मिति २०८०/०८/०३ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०९/२२ LT. No. 295227 चलानी नं. ६०२१०२०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 6 | 0 | 1800 | ६३,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ १ गते (15th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Kapeel Manpower Pvt. Ltd.**

P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal

Tel: 01-5451901, Fax: 977-1-5542407

Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com

Website: www.kapeelmanpower.com.np

श्रम ईजाजत नं. १८५/०५७/०५८

## युएई/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KG FOR MEDICAL AND LABORATORY EQUIPMENT REPAIRING EST

पूर्व स्वीकृति मिति २०८०/०९/२२ LT. No. 297619 चलानी नं. ६०२१२६६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 0 | 2 | 1400 | ५०,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Commercial Sales Representative | 4 | 0 | 1500 | ५४,११५ | | | | | | | |
| 3 | Data Entry Clerk | 3 | 0 | 1200 | ४३,२९५ | | | | | | | |
| 4 | Filling Clerk | 7 | 1 | 1200 | ४३,२९५ | | | | | | | |
| 5 | Information Clerk | 3 | 0 | 1200 | ४३,२९५ | | | | | | | |
| 6 | Marketing Manager | 0 | 2 | 2000 | ७२,१५५ | | | | | | | |
| 7 | Marketing Specialist | 0 | 1 | 1800 | ६४,९४० | | | | | | | |
| 8 | Medical Instruments Sales Representative | 0 | 1 | 1600 | ५७,७२५ | | | | | | | |
| 9 | Office Supervisor | 0 | 1 | 1900 | ६८,५६० | | | | | | | |

कम्पनी : WEBEL LOGISTICS COMPANY

पूर्व स्वीकृति मिति २०८०/०९/२२ LT. No. 297611 चलानी नं. ६०२१२६६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Unique Trades Worker | 6 | 0 | 1000 | ३५,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ १ गते (15th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sagarmatha International Employment Pvt. Ltd.**

K.B INTERNATIONAL EMPLOYMENT (P) LTD

Airport, Kathmandu, Nepal. Tel : 015916758/59, Mobile: 9844078232, 9844078232 9823810701, 9746850593 E-mail:infokbintl@gmail.com Web:www.kbemployment.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FAHAD SAUD AL HARBI GENERAL CONTRACTING EST

पूर्व स्वीकृति मिति २०८०/०९/२२ LT. No. 297734 चलानी नं. ६०२१२६९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver | 2 | 0 | 1900 | ६७,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ १ गते (15th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Honesty Overseas Pvt.Ltd.**

Basundhara Chowk-8, Kathmandu, Nepal

Phone No.: +977-1-4364494, 4352243

Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np

श्रम ईजाजत नं. १०००/०६८/०६९

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : UNITED BUSINESS LTD.

पूर्व स्वीकृति मिति २०८०/०९/२२ LT. No.297585 चलानी नं.६०२१२६५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction mold carpenter | 4 | 0 | 1200 | ४२,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Ready Mix Concrete Construction | 3 | 0 | 1200 | ४२,४०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ १ गते (15th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Global Sourcing Group Pvt.Ltd (Trans Asia Manpower Pvt.Ltd)**

Milijuli Marg, Maharajgunj/ Chakrapath-3, Kathmandu, Nepal

Tel : 01-4016163, 01-4016164, Email : info@gsgroup.com.np, www.gsgroup.com.np

Lic No. 1159/074/074

## कतारमा रोजगारीको सुवर्ण अवसर

कम्पनी : FAST CLEAN

पुर्व स्वीकृति मिति : २०८०/04/०९ पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२२ LT. No.289889 चलानी नं. ६०२०५५१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 0 | 3 | 1000 | ३६,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ १ गते (15th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GRACE OVERSEAS PVT. LTD.** Govt. License 852/066/067

Chappalkarkhana-04, Kathmandu, Nepal. P.O.Box No.: 3078, Tel : +977-01-4526853

Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np

**प्रभाव दैनिक**




## दुई चलचित्र लिएर आउँदै हिमाल

हिमाल कडरियाको निर्माणमा दुई नयाँ चलचित्र बन्ने भएको छ । उनले 'एक दुःखी आत्मा' र 'गाउँ नै रमाइलो' चलचित्र निर्माण गर्ने भएका हुन् । 'एक दुःखी आत्मा'को लेखन/निर्देशन दीपेन्द्र लामाको रहने उनले बताए । यस चलचित्रमा दयाहाङ राई मुख्य भूमिकामा रहने छन् । यसैगरी 'गाउँ नै रमाइलो'को लेखन विकास सुवेदीको रहेको छ । यस चलचित्रको निर्देशन दिनेश राउतले गर्ने छन् । यसमा दयाहाङसँगै आर्यन सिग्देल, मिरूना मगर, हिमाल कडरिया, बुद्धि तामाङलगायत कलाकार रहने उनले बताए ।



सोमबार २३, पुस २०८० (Monday, January 8, 2024)



# 'पर्खि बसेँ तिमीलाई' मा नयाँ अनुहार

■ प्रभाव संवाददाता

**काठमाडौं–** निर्देशक दीपक श्रेष्ठले 'पर्खि बसेँ तिमीलाई' मार्फत चलचित्र उद्योगले दुई नवकलाकार प्राप्त गर्ने बताएका छन् । शनिबार साँझ यहाँ आयोजित पत्रकार सम्मेलनमा उनले नवअभिनेता किरण श्रेष्ठ र अभिनेत्री रक्षा बुढाथोकीले पुरानाभन्दा राम्रो काम गरेको जानकारी दिए ।

'अहिलेका कलाकार सम्पूर्णरूपमा तयार भएर आउनुहुन्छ । उहाँहरू नाममात्र नयाँ हो, काममा परिपक्व हुनुहुन्छ,' निर्देशक श्रेष्ठले भने, 'मैले आफ्ना अघिल्ला चलचित्रमा पनि नयाँलाई अवसर दिएको छु । किनकि हामी पुराना चलचित्रकर्मीले आँट गरेनौं भने अरुले गर्दैनन् ।'

यद्यपि निर्देशक श्रेष्ठले अहिले नयाँ कलाकारलाई अवसर दिँदा केही सास्ती भने खेप्नुपरेको अनुभव सुनाए । 'नयाँलाई अवसर दिँदैनन् भनिन्छ, अवसर दिँदा चलचित्र भवनदेखि विभिन्न स्थानमा संघर्ष गर्नुपर्ने हुन्छ । मेरो तीन दशकको चलचित्र यात्रामा नौलो अनुभव गरिरहेको छु,' निर्देशक श्रेष्ठले भने । उनले नयाँलाई काम देखाउने मौका दिन आग्रह पनि गरे । नवकलाकार अभिनेता श्रेष्ठले आफूलाई ठूलो पर्दामा देख्ने सपना पूरा हुन लागेको बताए ।

'मैले मण्डला थिएटरमा १३ भन्दा बढी नाटक गरिसकेँ । सात वर्षपछि बल्ल चलचित्रमा अभिनयको सुरुआत गरेको छु' अभिनेता श्रेष्ठले भने, 'म कलात्मक र व्यावसायिक दुवै चलचित्र गर्न चाहन्छु । परिपक्व समूहसँग काम गर्न पाउँदा आभारी छु ।'

अभिनेत्री बुढाथोकीले पहिलो चलचित्र भएता पनि निर्देशक श्रेष्ठसहितको समूहका कारण काम गर्न सहज भएको बताइन् । 'मैले आफूलाई नयाँजस्तो कहिल्यै महसुस गरिनँ । सबैले मलाई सहज बनाएकै कारण आफ्नो भूमिकालाई जीवन्त बनाउन सफल भएँजस्तो लाग्छ । यसकारण पनि यस क्षेत्रमा निरन्तरता दिन उत्साहित भएकी छु,' अभिनेत्री बुढाथोकीले भनिन् ।

चलचित्रका निर्माता राजाराम बुढाथोकीले नेपालसँगै सिक्किमको मनोरम दृश्यमा चलचित्रको छायांकन गरिएको जानकारी दिए । 'मैले एउटा राम्रो चलचित्र बनाउने कोसिस गरेको हुँ । निर्देशकले नयाँलाई अवसर दिनुपर्छ भनेपछि प्रेमकथानक लिएर निर्माण गरेका छौं,' निर्माता बुढाथोकीले भने ।

चलचित्रमा शिव श्रेष्ठ, विल्सनविक्रम राईले पनि अभिनय गरेका छन् । चलचित्रलाई काठमाडौं उपत्यकामा करण श्रेष्ठले रिच इन्टरटेनमेन्टमार्फत र मोफसलमा एफडी कम्पनीले प्रदर्शनका लागि वितरण गर्ने जानकारी दिइएको छ ।

# राष्ट्रव्यापी कविता प्रतियोगिता गर्दै सशस्त्र प्रहरी

**काठमाडौं (प्रस)–** सशस्त्र प्रहरी बलले आफ्नो २३औं वार्षिकोत्सवको अवसर पारेर राष्ट्रव्यापी कविता प्रतियोगिता गर्ने भएको छ । प्रतियोगितामा सहभागी हुन इच्छुकले यही पुस २९ गतेभित्र कविता उपलब्ध गराउनुपर्ने छ । कविता सशस्त्र प्रहरी बल नेपालको कार्यादेशसँग सम्बन्धित रहेर ३०० शब्दमा नबढाई लेख्नुपर्ने जनाइएको छ ।

कविता लेखन तथा वाचन प्रतियोगितामा सहभागी प्रतियोगीहरूमध्ये उत्कृष्टमा परेका १० जनाले माघ ५ गते सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयमा कविता वाचन गर्ने छन् । प्रतियोगितामा सहभागी हुनेले 'सशस्त्र प्रहरी बल, नेपालको कार्यादेशहरू नेपालको कुनै भागमा भएको वा हुन सक्ने सशस्त्र संघर्ष नियन्त्रण गर्न, सशस्त्र विद्रोह वा पृथकतावादी गतिविधि नियन्त्रण गर्न, आतंककारी गतिविधि नियन्त्रण गर्न, दंगा नियन्त्रण गर्न, दैवी प्रकोप र महामारीबाट पीडितको उद्धारमा सहयोग पुर्‍याउन'लगायत विषयमा रहेर कविता लेख्नुपर्ने सशस्त्र प्रहरी प्रवक्ता सशस्त्र प्रहरी नायब उपरीक्षक शैलेन्द्र थापाले जानकारी दिए ।

प्रतियोगितामा पहिलो हुनेलाई ५० हजार, दोस्रोलाई ३० हजार र तेस्रोलाई १५ हजार रूपैयाँ पुरस्कार प्रदान गरिने उनले बताए । यस्तै उत्कृष्टमा परेका सातजना प्रतियोगीलाई समेत जनही सात हजार रूपैयाँ र प्रमाणपत्र प्रदान गरिने छ ।

## रंगशाला

### पिएम कप क्रिकेट

# बैतडी फाइनलमा, उपाधिका लागि कैलालीसँग भिड्ने

**बैतडी (प्रस)–** प्रधानमन्त्री कप पुरुष एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिताको सुदूरपश्चिम प्रदेशस्तरीय छनोटको फाइनल पुग्ने टोलीको टुंगो लागेको छ । समूह चरणका खेल सम्पन्न भएसँगै फाइनल पुग्ने खेलको टुंगो लागेको हो । समान तीन खेल जितेको बैतडी अंकतालिकाको शीर्ष र कैलाली दोस्रो स्थानमा रहँदै फाइनल पुगेका छन् । आइतबार सम्पन्न खेलमा बैतडीलाई १० रनले हराउँदै कैलाली फाइनलमा प्रवेश गरेको हो । यसअघि समान तीन खेल जितेको कञ्चनपुर भने नेट रन रेटमा पछि रहँदै फाइनल होडबाट बाहिरिएको स्कोरर नरेन्द्रप्रसाद भट्टले जानकारी दिए ।



जितका लागि पाएको २०१ रनको लक्ष्य पछ्याएको बैतडीले ३० ओभरमा छ विकेटको क्षतिमा १९० रनमात्रै बनाउन सक्यो । जसमा ओपनर खडक बोहराले शतकीय पारी खेले । उनले ७९ बलको सामना गर्दै १२ चौका र दुई छक्काको मद्दतमा ११० रन जोडे । जारी प्रतियोगितामा खडक शतक हिर्काउने पहिलो खेलाडीसमेत बने । कैलालीका लागि शेर मल्लले चार र कप्तान नारायण जोशीले दुई विकेट हात पारे ।

यसअघि फाप्ला मैदानमा बिहान ९ बजेदेखि सुरु हुने भनिएको ५० ओभरको खेल बाक्लो हुस्सु लागेकाले निर्धारित समयभन्दा ढिला सुरु हुँदा ३० ओभरमा झारिएको थियो । टस जितेर पहिला ब्याटिङ गरेको कैलालीले निर्धारित ३० ओभरमा छ विकेटको क्षतिमा २०० रन बनायो । उसका अभिषेक पालले ६३ र आयुब चन्दले अविजित ५३ रनको योगदान गरे । बैतडीका खडक बोहराले तीन विकेट झारे । खडक खेलको 'म्यान अफ द म्याच' घोषित भए ।

अब बैतडी र कैलालीबीचको फाइनल खेल मंगलबार हुने छ ।

सुदूरपश्चिम प्रादेशिक क्रिकेट संघको आयोजनामा पुस १४ गतेदेखि छनोट प्रतियोगिता सुरु भएको थियो । छनोट प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरेका खेलाडीलाई प्रधानमन्त्री कप राष्ट्रिय प्रतियोगिताको टोलीमा समावेश गरिने छ ।

# माघ १२ मा 'स्पोर्टस् अवार्ड'

**काठमाडौं (प्रस)–** नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ)को आयोजनामा हुने २०औं संस्करणको स्पोर्टस् अवार्ड आगामी माघ १२ गते हुने भएको छ । मञ्चद्वारा आइतबार यहाँ आयोजित पत्रकार सम्मेलनमा मञ्चका अध्यक्ष दुर्गानाथ सुवेदीले वर्षका उत्कृष्ट खेलाडी पुरुष, वर्षका उत्कृष्ट खेलाडी महिला, वर्षका उत्कृष्ट खेलाडी युवा, वर्षका उत्कृष्ट प्रशिक्षक, पिपल्स च्वाइस अवार्ड, पारा एथलिट सम्मान, स्पेसल अवार्ड, लाइफटाइम एचिभमेन्ट अवार्ड र एसियन स्पोर्ट्स जर्नालिस्ट अवार्ड गरी नौ विधामा पुरस्कार प्रदान गरिने बताए ।

